जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १९४ • २०८१ साल मंसिर २५ गते मंगलबार (10 December, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## पूर्वउपप्रधान तथा गृहमन्त्री लामिछाने वीरगञ्जमा

# सानो पाइला सहकारीको रकम अपचलन गरेको अभियोगमा बयान

**अनिल तिवारी**

वीरगञ्ज । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति समेत रहेका पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई बयानको लागि सोमबार वीरगञ्ज ल्याइएको छ।

सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा कार्तिक २ गते पक्राउ परेका लामिछानेलाई कास्कीको सूर्यदर्शन सहकारी, बुटवलको सुप्रिम सहकारी, चितवनको साहारा सहकारीलगायतमा रकम हिनामिना सम्बन्धमा प्रहरीले बयान लिइसकेको छ।

प्रारम्भमा रविमाथि सहकारी ठगी र संगठित अपराधमा अनुसन्धान थालिएको थियो । तर कास्की प्रहरीले सम्पत्ति शुद्धीकरणको कसुरमा पनि अनुसन्धान थालिसकेको छ । प्रहरी हिरासतमा रहेका रविलाई अनुसन्धानका लागि वीरगञ्ज ल्याइएको छ । लामिछानेलाई पोखराबाट सोमबार बुद्ध एयरको जहाजमा काठमाण्डुहुँदै सिमरा पुऱ्याइएको र त्यहाँबाट गाडीमा वीरगञ्ज ल्याइएको हो।

सिमरा विमानस्थलमा रास्वपाका कार्यकर्ताहरूले नाराबाजी गरेका थिए। उनीहरुले प्रतिशोधपूर्ण कारबाही बन्द गर, रविलाई रिहा गर लगायतका प्ले कार्ड बोकेका थिए । ठूलो संख्यामा कार्यकर्ता उपस्थित नरहेकाले कुनै अप्रिय घटना भएन । रविसँगै गोर्खा मिडिया नेटवर्कका अर्का सञ्चालक पूर्वडीआईजी छविलाल




जोशीलाई पोखराबाटै सडकमार्ग हुँदै वीरगञ्ज ल्याइएको प्रहरीले जनाएको छ।

तत्कालीन वीरगञ्ज उपमहानगरपालिकाको ८, १३, १४, १८ र १९ नम्बर वडा कार्यक्षेत्र रहेको सानो पाइला सहकारीले करिब ८ सय बचतकर्ताको १ अर्ब ३५ करोड रुपैयाँ बचत जम्मा गरेको थियो।

सहकारी ऐन विपरीत सदस्य समेत नरहेका वीरगञ्ज बाहिरका व्यक्तिलाई ऋण दिएर रकम अपचलन गरेको सञ्चालकहरुमाथि आरोप छ। बचतमध्ये करिब ९२ करोड रुपैयाँ कार्यक्षेत्र बाहिर गएर लगानी गरेर अपचलन गरिएको प्रहरीको अनुसन्धानमा देखिएको छ।

वीरगञ्जको सानोपाइला बचत तथा ऋण सहकारीका बचतकर्ताको रकम हिनामिना गरेको उनीमाथि आरोप छ । सो सहकारीबाट जीबी राई सञ्चालक रहेको नेचर हब इन्टरनेसनलाई १ करोड ३७ लाख, नेचर नेष्ट प्रालिलाई १ करोड ८५ लाख र स्प्रीङ वुड रियल स्टेटलाई १ करोड १ लाख कर्जा प्रवाह गरिएको छ।

त्यसैगरि विशाल तामाङको नाममा ६ करोड ८३ लाख, छविलाल जोशीको नाममा १ करोड ८६ लाख, तीर्थराज लामिछानेको नाममा १ करोड ६ लाख, विमला पौडेलको नाममा २ करोड ७ लाख कर्जा प्रवाह गरिएको खुलेको छ।

लिखित र मौखिक बयान गराएर मंगलवार दिउँसो वीरगञ्जबाट पोखरा पठाइने जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता समेत रहेका डीएसपी शिखर लम्सालले बताए।

यसअघि लामिछाने र जोशीमाथि छानबिन गर्न कास्की जिल्ला अदालतले आइतबार ४ दिनको म्याद थप गरेको थियो।

कार्तिक २ मा रास्वपाको केन्द्रीय कार्यालय काठमाण्डुबाट पक्राउ गरी प्रहरीले पोखरा लगेको थियो । लामिछानेमाथि अनुसन्धानका लागि सुरुमा ६ दिन, त्यसपछि ७ दिन, १० दिन, १३ दिन, १५ दिन र आइतबार ४ दिन म्याद थप गरिएको हो।

चितवनबाट उनलाई पोखरा लग्ने क्रममा प्रहरीले दुरव्यवहार गरेको आरोप लागेको छ। मध्यराति मदिरा सेवन गरेका सुरक्षाकर्मीले मोटरबाट पोखरा लगेको आरोप लामिछानेले लगाएका छन्।

लामिछानेलाई प्रतिशोधपूर्ण कारबाही गरिएको उल्लेख गर्दै रिहा गर्न पूर्वप्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'ले माग गरेका छन्। रविको पक्षमा राप्रपाका सांसदले पनि आवाज उठाएका छन्।

चितवनबाट पोखरा लग्ने क्रममा लामिछानेसित दुर्व्यवहार भएको विषयमा राष्ट्रिय मानवअधिकार आयोगले समेत चासो लिएको छ। आयोगले प्रहरीका उच्चपदस्थ अधिकारीहरुसित बयान लिएको छ।


प्रहरीले लामिछानेविरुद्ध प्रयाप्त प्रमाण जुटाएको दाबी गर्दै आएको छ। विभिन्न सहकारीबाट रवि प्रबन्ध निर्देशक रहेको गोरखा मिडियामा अवैध रुपमा करोडौंरकम लगिएकोप्रशस्त प्रमाणहरु फेला पारिएको छ। संसदीय छानबिन समितिले सहकारीको रकम अपचलनमा लामिछाने सहितको नाम किटानीगरि सरकारलाई छानविन गर्न निर्देशन दिएपछि उनलाई पक्राउ गरिएको थियो ।

For 2081
ADMISSION OPEN
२३ औं वर्षमा प्रवेश भएको
बीरेन्द्र इन्स्टीच्यूट अफ मेडिकल एण्ड डेन्टल टेक्नोलोजी
जनकपुरधाम - ५, ब्रह्मपुरी (धनुषा)
CTEVT बाट सम्बन्धन प्राप्त मधेश प्रदेशकै सबै भन्दा पुरानो एवम उत्कृष्ट नतिजा ल्याउन सफल यस इन्स्टीच्यूटमा
स्वास्थ्य प्राविधिक विषयहरु (३ बर्षे)
➤ डिप्लोमा इन फार्मेसी (D.Pharmacy)
➤ डिप्लोमा इन रेडियोग्राफी (Radiography)
➤ डिप्लोमा इन अपथालमोलोजी (OA)
• दक्ष तथा अनुभवी चिकित्सक/ शिक्षकहरु द्वारा अध्ययन अध्यापन
• प्रयोगात्मक अभ्यासका लागि सुविधा सम्पन हस्पिटल
• Library र Lab को राम्रो व्यवस्था
• शान्त तथा स्वच्छ वातावरण भएको
• CCTV को निगरानी भएको
फारम भर्ने अन्तिम मितिः २०८१/०८/२७ गते
प्रवेश परीक्षा मितिः २०८१/०९/०४ गते
Birendra Institute Of Medical & Dental Technology
9854025507, 9705421366, 041- 421366









# अन्तर्राष्ट्रिय पदक विजेता सम्मानित



काठमाण्डु । प्रयास मञ्च नेपालले अन्तर्राष्ट्रिय आमन्त्रण मास्टर्स एथलेटिक्स प्रतियोगितामा पदक जित्न सफल खेलाडीलाई सोमबार सम्मान गरेको छ । गत नोभेम्बर १६ र १७ तारिखमा भारतको पश्चिम बङ्गालको कुचविहारमा भएको प्रतियोगितामा नेपाली भेट्रान धावकहरुले विभिन्न स्पर्धामा आठ स्वर्ण, चार रजत र दुई कास्य पदक प्राप्त गरेका थिए ।

गीतकार समेत रहेका ६५ वर्षमाथिको उमेर समूहमा १० किलोमिटर दौडमा बुद्धवीर लामाले स्वर्ण, ५०-५५ वर्षको उमेर समूहमा धर्म महर्जनले चार सय, पाँच हजार र १० किलोमिटर दौडमा स्वर्ण, ६५ वर्षमाथिको उमेर समूहतर्फ पुष्पलाल श्रेष्ठले पाँच हजार मिटर दौडमा स्वर्ण र १० किलोमिटर दौडमा रजत, ५०-५५ वर्ष उमेर समूहमा कपिल भट्टले दुई सय मिटर दौडमा रजत र पाँच हजार मिटर दौडमा कास्य तथा ४५-५० वर्ष उमेर समूहतर्फ महेन्द्र बज्राचार्यले १० किलोमिटर दौडमा कास्य पदक प्राप्त गरेका थिए ।

त्यस्तै ४०-४५ वर्ष वर्ष उमेर समूहतर्फ राकेश महर्जनले एक हजार पाँच सय, पाँच हजार र १० किलोमिटर दौडमा स्वर्ण तथा ४०-४५ वर्ष वर्ष उमेर समूहतर्फ दिनेश महर्जनले पाँच हजार र १० किलोमिटर दौडमा रजत पदक प्राप्त गरेका थिए । यस्तै ४५-५० वर्ष वर्ष उमेर समूहतर्फ १० किलोमिटर दौडमा सहभागी भइ दौड पूरा गरेका लाक्पा शेर्पा लामा र जहरमान गुरुङलाई पनि सम्मान गरिएको थियो । सोही अवसरमा विश्व प्रहरी सङ्गठनबीच भएको विभिन्न दौड प्रतियोगितामा स्वर्ण पदह जितेका निमेश गुरुङलाई सम्मान गरिएको थियो । उनीहरुलाई युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, नाइटिङ्गेल स्कुलकी प्रिन्सिपल रञ्जना प्रधान र प्रयास मञ्च नेपालका अध्यक्ष शिवध्वज कार्कीले एक कार्यक्रमबीच प्रशंसापत्रसहित सम्मान गरेका थिए ।

अन्तर्राष्ट्रिय आमन्त्रण मास्टर्स एथलेटिक्स प्रतियोगिताको समापनका अवसरमा आयोजक मास्टर्स गेम एसोसिएसन, बङ्गाल र कुचविहार मास्टर्स एसोसिएसनले बुद्धवीर लामालाई 'लाइफ टाइम एचिभ्मेन्ट' अवार्ड पनि प्रदान गरेको प्रयास मञ्च नेपालले जनाएको छ ।रासस

# बालमनोविज्ञानको आधारमा शिक्षण

**टुडे समाचारदाता**

जनकपुरधाम । बालविकासका लागि शिक्षण विधिमा समयसापेक्ष अनुरुप परिवर्तन ल्याएको छ । बालबालिका बालमनोविज्ञानका आधार शिक्षिकाहरू समयअनुसार अद्यावधि गरी शिक्षण क्रियाकलापमा परिवर्तन ल्याउने भएको छ ।

सो क्रममा शिक्षिका रञ्जु यादवले बालविकास कक्षालाई आकर्षक बनाइ मनोरञ्जनात्मक ढंगबाट सिकाइ रहेकी जानकारी दिइन् । करिब १० वर्षभन्दा बढी समयदेखि बालविकास कक्षामा अध्यापन गरिरहेकी रन्जु समयसापेक्ष कक्षामा खेल खेलाएर मनोरञ्जनात्मक तरिकाबाट सिकाउन थालेकी छ ।

बालविकास कक्षामा परम्परागत शैली र सामान्य व्यामहरू गराएर सिकाइँदै आएका उनले बालबालिकाको मनोविज्ञान, समयको माग र आवश्यकतालाई ध्यानमा राखेर आफू पनि अद्यावधि भएर सिकाइ गरिरहेको बताए । धनुषा जिल्लाको शहिदनगर नगरपालिका- २ मनौतीस्थित राष्ट्रिय आधारभूत विद्यालयका बालविकास शिक्षिका रज्जुसँगै बालविकास अन्य शिक्षिकाहरू पनि बालबालिका शिक्षण अनुसार अध्यापन गराइरहेका छन् ।

त्यस्तै कमला नगरपालिका- २ स्थित श्रीराप्रावि लकडका बालविकास शिक्षिका चन्द्रकलाकुमारी पासमान शिक्षण सिकाइ गर्दै भन्नुभयो, "बालविकास कक्षाका बालबालिकालाई खेल खेलाएर मनोरञ्जनात्मक विधिबाट अक्षर कसरी चिनाउन, फलफूल कसरी चिनाउने लगायतबारे सिकाएका छौं ।"

"बालबालिकालाई कक्षामा खेल खेलिरहेको महसुस हुनुपर्छ, भने हाम्रो उद्देश्य उनीहरूलाई सिकाइ रहेका हुन्छौं", शहिदनगर नगरपालिका- ६ हरवाडास्थित श्री आधारभूत विद्यालयका बालविकासका शिक्षिका कञ्चनकुमारी साहले भने, 'बालबालिकाहरूको स्थानीयस्तरमा खेलिने खेल, गर्ने मनोरञ्जन, अपनाउने तरिकाबाट नै शब्दपति, वाक्पति, अंकपति, जोड घटाउन सिकाउने गरेका छौं ।'



प्रारम्भिक बालविकास शिक्षकहरूलाई पाठ्यक्रममा आधारित सामग्री विकास र सिकाइ कुना व्यवस्थापन सम्बन्धी प्रशिक्षित बालविकास शिक्षिकाहरू कक्षामा बालबालिकाको जन्म मिति देखिने गरी भित्तामा टाँसेर राख्दा बालबालिकाले सजिलै आफ्नो जन्मदिन थाहा पाएर कक्षाकोठामै र्याम्स गराएर बर्थडे मनाउने कार्यबाट सिकाइ र मनोरञ्जन गराउने गरेको कमला नगरपालिका- ७ हथमुण्डा स्थित प्रगतिशील माध्यमिक विद्यालयका शिक्षिका ववितាकुमारी यादवले बताए ।

"सहिद नगरपालिका र कमला नगरपालिकाको समन्वय, प्लान इन्टरनेशनलको सहयोग तथा आसमान नेपालको आयोजनामा बालविकास शिक्षिकाहरूलाई प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ को आधारमा कम खर्चमा स्थानीय स्तरमा उपलब्ध सामग्रीबाट शैक्षिक सामग्री निर्माण कसरी गर्ने, कक्षामा कसरी प्रयोग गर्ने, कक्षालाई जीवन्त, मनोरञ्जनात्मक कसरी बनाउने, अभ्यास कसरी गराउने लगायतको विषयमा प्रशिक्षण गराइएका थियौं", आसमान नेपालका कार्यक्रम संयोजक सञ्जीवकुमार साहले भने ।

त्यहाँ सिकेका कला, सीप बालविकास शिक्षिकाहरूले कक्षाकोठामा प्रदर्शन गरिरहेका अनुगमनको क्रममा देखिएको विदेह नगरपालिकाका उपप्रमुख आशादेवी झाले बताइन् ।

कक्षाकोठा शिक्षणलाई आकर्षक, मनोरञ्जनात्मक एवम् उत्साहित बनाउन शैक्षिक सामग्री प्रयोगमा ल्याउन नसक्दा विद्यालयको दराजमा धमिराले ती शैक्षिक सामग्री खाइरहेको अवस्था पनि रहेको छ । जानकारी अभावले गर्दा दराज र बाकसमा थन्क्याएर राखिएको शैक्षिक सामग्रीहरू प्रयोगमा ल्याउन बेलाबेलामा प्रशिक्षण कार्यक्रम सहयोगी भएको संयोजक साह बताउँछन् ।

# मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा सुरु




काठमाण्डु । 'बाह्रौं नेपाल मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' मा नेपालसहित २३ देशका ५३ चलचित्र छनोट भएका छन् । 'सामाजिक न्याय' सहित सोमबारदेखि सुरु भएको महोत्सवमा मानव अधिकारको पैरवीका लागि विभिन्न अन्तरक्रिया तथा गोष्ठी पनि आयोजना गरिने नेपाल मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र केन्द्रका अध्यक्ष एवं महोत्सवका निर्देशक पाण्डव खत्रीले जानकारी दिनुभयो ।

"यसपटकको संस्करणमा अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त चलचित्रसमेत सहभागी हुन् आएका छन्, मानव अधिकारसँग सम्बन्धित चलचित्रहरुको प्रवर्द्धन र प्रदर्शनका लागि नियमित रुपमा महोत्सव गर्दै आएको छौं", निर्देशक खत्रीले भन्नुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले उद्घाटन गर्नुहुने कार्यक्रम रहेको महोत्सवमा कान्स र बर्लिनजस्ता विश्वचर्चित चलचित्र महोत्सवमा पुरस्कृत चलचित्रहरु 'अल वी इमाजिन एज लाइट', 'द म्यान हू कुडनट रिमेन्न साइलेन्स', 'एन आउटरन', 'अनार दाना' लगायतको सहभागिताले महोत्सवको रौनकता बढाउने महोत्सव निर्देशक खत्रीले बताउनुभयो ।

नेपालसहित पाकिस्तान, बङ्गलादेश, भारतलगायत देशका चलचित्रकर्मीको सहभागिता रहने महोत्सव आगामी चार दिनसम्म काठमाडौंको चलचित्र विकास बोर्डको सभाहल र नेपाल पर्यटन बोर्डको सभाहलमा सञ्चालन हुनेछ ।सन् २००९ मा स्थापना भएको मानव अधिकार चलचित्र केन्द्रले यस महोत्सवको आयोजना गर्दै आएको छ ।रासस

# मानव-वन्यजन्तुबीचको द्वन्द्व घटाउने प्रयास भइरहेको छः वनमन्त्री शाही

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले मानव र वन्यजन्तुबीचको द्वन्द्व घटाउने प्रयास भइरहेको बताउनुभएको छ ।

पर्सा राष्ट्रिय निकुञ्जको अनुगमन तथा अन्तर्क्रिया कार्यक्रमपछि कुरा गर्दै उहाँले पछिल्लो पटक निकुञ्ज क्षेत्रभित्र रहेका वन्यजन्तु आहार खोज्दै गाउँ बस्तीभित्र छिर्न थालेपछि मानव र वन्यजन्तुको द्वन्द्व बढ्न थालेको बताउनुभयो ।

"बाघ र जङ्गली हात्तीजस्ता ठूला जनावरलाई बाहिर बस्तीमा नआउने र मान्छेलाई जङ्गलभित्र नजाने व्यवस्था मिलाउन सके मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्न सकिन्छ", मन्त्री शाहीले भन्नुभयो । मन्त्रालयले मानव र वन्यजन्तुबीचको द्वन्द्व घटाउन प्रयास गरिरहेको उहाँको भनाइ थियो ।

मन्त्री शाहीले जङ्गल जनावर हिँड्ने बाटो क्षेत्रतिर मानव बस्ती विस्तार हुने थालेपछि समस्या बल्झिँदै जान थालेको उल्लेख गर्नुभयो । "वन्यजन्तुले क्षति गर्दा पीडित पक्षलाई राहतको व्यवस्था तत्काल गरि नुपर्छ", उहाँले भन्नुभयो, "क्षति व्यहोरेका स्थानीयले तत्काल राहत नपाउँदा वन्यजन्तुप्रति आक्रोश र आक्रमण गर्न थालेका छन् ।" निकुञ्ज संरक्षण र क्षेत्रलाई समस्या होइन समृद्धिसँग जोड्न आवश्यक देखिएको मन्त्रीले बताउनुभयो ।



पर्सा र चितवन राष्ट्रिय निकुञ्ज जोडिएको हुँदा टिकट प्रणालीलाई एकद्वार गर्न आवश्यक देखिएको उल्लेख गर्दै मन्त्री शाहीले चितवन निकुञ्ज भ्रमणमा आएका पर्यटक पर्सा पनि आउने र पर्सा निकुञ्ज घुम्न आएका पर्यटक चितवन निकुञ्ज पनि भ्रमण गर्न सकिने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "निकुञ्ज पर्यटन क्षेत्रको प्रमुख गन्तव्य भएकाले जल जङ्गल वन्यजन्तु जोगाउन सबैको कर्तव्य हो ।"

वन क्षेत्रभित्र ढलेका र सडेगलेका काठलाई प्रयोगमा ल्याउन र आयात हुने काठलाई रोक्न मन्त्रालयले गृहकार्य गरिरहेको मन्त्री शाहीको भनाइ छ । निकुञ्ज र वन क्षेत्रको समस्या समाधानको निम्ति ऐन नियम संशोधन गर्ने कार्यमा मन्त्रालय लागि रहेको जानकारी गराउँदै मन्त्री शाहीले मन्त्रालय विकासको बाधक हो भन्ने भ्रमको अन्त्य गर्न आफूले काम गरिरहेको बताउनुभयो ।

"पर्सा राष्ट्रिय निकुञ्जमा देखिएका समस्या र समाधान गर्नुपर्ने कार्यहरु मैले गम्भीरतापूर्वक लिएको छु", "मन्त्री शाहीले भन्नुभयो, "निकुञ्जका संरक्षण अधिकृत तथा कर्मचारी राम्रो कामप्रति अझै ध्यान दिनुहोला ।"रासस

# देशमा स्थायित्व र विकासको गति अगाडि बढाउन सरकार दृढ छ : गृहमन्त्री लेखक

भेरीगङ्गा । गृहमन्त्री रमेश लेखकले देशमा स्थायित्व र विकासको गति अगाडि बढाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

नेपाली कांग्रेस सुर्खेतले सोमबार वीरेन्द्रनगरमा आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा गृहमन्त्री लेखकले सरकारले जनतालाई अनुभूति हुनेगरी काम गरिरहेको बताउनुभयो। देशमा स्थायी सरकार आवश्यक परेका कारण दुई ठूला दलको गठबन्धनको सरकार बनेको उल्लेख गर्दै वर्तमान सरकारको मुख्य उद्देश्य देशमा स्थायित्व, विधिको साशन कायम गर्दै भ्रष्टाचार नियन्त्रण गरेर सुशानसन कायम गर्नु रहेको बताउनुभयो ।

"देशमा विशेष किसिमका समस्या देखा पर्छन् त्यस्तो बेलामा ठूला दल मिलेर राष्ट्रिय एजेण्डालाई सम्बोधन गर्ने गरेका छौं", गृहमन्त्री लेखकले भन्नुभयो, "मुलकमा अस्थिरता, अराजकता हुन थाल्यो । गएको डेढ वर्षमा सम्मानीय प्रधानमन्त्रीले दुई/दुई महिनामा संसद्मा गएर विश्वासको मत लिनुपर्ने अवस्था आयो," उहाँले भन्नुभयो, "सरकार अत्यन्त अस्थिर हुँदा देशको आर्थिक गतिविधि चलायमान हुन सकेन । विकासका काम सही ढङ्गले अगाडि बढ्न सकेनन् । शान्ति सुरक्षा तथा विधिको साशनमा प्रतिकुल असर पर्न थाल्यो ।"




समग्रमा देशमा स्थायी सरकार चाहियो भन्ने मुख्य मुद्दाका कारण दुई ठूला दलको गठबन्धनको सरकार बनेको गृहमन्त्री लेखकको भनाइ थियो । सरकारको मुख्य उद्देश्य देशमा स्थायित्व, विधिको शासन कायम गर्दै भ्रष्टाचार नियन्त्रण गरेर सुशानसन कायम गर्नु रहेको उहाँले उल्लेख गर्नुभयो ।

आर्थिक विकासका गतिविधि अगाडि बढाउने र यो संविधानलाई रक्षा गरेर सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थालाई सुदृढ गरेर देशमा दिगो शान्ति स्थापना गर्नु सरकारको जिम्मेवारी रहेको उहाको भनाइ छ । गृहमन्त्री लेखकले कर्णाली सम्भावना बोकेको प्रदेश भएकाले यहाँ जडीबुटी र पर्यटकीय सम्भावनालाई अवसरमा बदल्नुपर्ने बेला आएको बताउनुभयो ।

कर्णाली प्राकृतिक सौन्दर्यताको प्रदेश भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले भन्नुभयो, "सबैभन्दा धेरै विद्युत् उत्पादनको सम्भावना पनि कर्णालीमा छ । यति धेरै सम्भावना छन् भने हामीले कमजोर ठान्नुपर्ने, मन सानो बनाउनुपर्ने भन्दा पनि हाम्रा सम्भावनालाई कसरी अवसरमा बदल्ने भन्नेमा लाग्नुपर्छ ।"

कर्णाली प्रदेशका प्रहरी कार्यालय अहिले पनि नेपालगञ्जबाट चलिरहेको अवस्था रहेको भन्दै उहाँले ती कार्यालय चाँडै सुर्खेत ल्याइने प्रतिबद्धता जनाउनुभयो ।रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १० को माइग्रेशन मिति २०८१/०७/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : अन्जना शर्मा**
**सिम्बोल नं.:** २१७०४९१२
**रजिष्ट्रेशन नं.:**७६१७७५००८
**ठेगाना:जि.ध.औरही गा.पा.-४, धनुषा**
**मो.नं.** ९८०४८७४७०१

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| बृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |


## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



बाराको कलैयाबाट सोमबार बिहानै प्रख्यात **गढीमाई मन्दिरमा** दर्शन गर्न जाँदै गरेका भक्तजनहरु । भक्तजनहरुहरु गाउँगाउँबाट ट्याक्टर ,मोटरसाइकल,टेम्पो, बस ,कार तथा हिँडेरै बाराको महागढीमाई नगरपालिकास्थित बरियापुरमा जाँदै गरेका छन् । *तस्बिरः रासस*

# बीमा प्राधिकरणका अध्यक्ष सिलवालविरुद्ध मुद्दा दायर



काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ । झुटा विवरण पेस गरी लाभ लिएको आरोपमा सिलवालविरुद्ध मुद्दा दायर गरिएको हो ।

सिलवालले नागरिकतामा पटक-पटक जन्ममिति संशोधन गरी नागरिकता तथा राहदानीमा केरमेट र जालझेल गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ।प्राधिकरणको अध्यक्षको हैसियतमा ६५ वर्ष उमेर हदबाट अनिवार्य अवकाश हुनुपर्नेमा सिलवालले विसं २०८० साल साउन १६ गतेदेखि ६६औं वर्षमा प्रवेश गर्दासमेत पदमा बहाल नै रही पछिल्लो नौ महिनादेखि पदको दुरुपयोग गरी लाभ, सुविधा र अधिकारको प्रयोग गरेको जनाइएको छ।

सिलवालको जिल्ला प्रशासन कार्यालय पर्साबाट विसं २०३२ साल फागुन २४ गतेको नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्दा उमेर १६ वर्ष उल्लेख भएको तर जिल्ला प्रशासन कार्यालय काठमाडौंवाट नेपाली नागरिकताको प्रतिलिपि २०६६ साल वैशाख १७ गते जारी नागरिकतामा जन्ममिति २०१६ कात्तिक २२ उल्लेख भएको जनाइएको छ ।

यस्तै, त्रिभुवन विश्वविद्यालयबाट जारी डिप्लोमा तहको ट्रान्सक्रिप्टमा जन्ममिति २०१५ साल साउन १५ उल्लेख भएको अख्तियारद्वारा दायर भएको आरोपपत्रमा उल्लेख छ । सिलवाल स्वयंले भरेको नोकरी तथा वैयक्तिक विवरण (सिटरोल) मा समेत ट्रान्सक्रिप्टको जन्ममिति २०१५ साल साउन १५ उल्लेख गरी विवरणभरि निजामती सेवामा २०४३ साउन १ गतेदेखि राजपत्राङ्कित तृतीय श्रेणीको पदमा नियुक्ति लिएको पनि अख्तियारले जनाएको छ ।

यसरी झुटा विवरण पेस गरी लाभ लिएको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार कारबाहीको माग गरिएको छ । यस्तै, सिलवालले २०८० साउन १५ गतेदेखि हालसम्म लिएको लाभ सुविधा रकम बराबरको रु ३६ लाख ६२ हजार एक सय ५४ बराबर असुलउपर मागदाबी गरिएको छ ।रासस

# 'एग्रो पुलिङ कार्यविधि' र 'लहरेबत्ती व्यवस्थापन कार्यविधि' २०८१ स्वीकृत



काठमाण्डु । काठमाडौं महानगरपालिकाको३७औंकार्यपालिका बैठकले 'एग्रो पुलिङ कार्यविधि' र 'लहरेबत्ती व्यवस्थापन कार्यविधि २०८१' स्वीकृत गरेको छ ।

सोमबार महानगर प्रमुख बालेन्द्र साहको अध्यक्षतामा बसेको बैठकले ती कार्यविधि स्वीकृत गरेको हो । एग्रो पुलिङ कामपाको स्वर्णिम योजना हो । अन्य पालिका र साझेदारसँगको सहकार्यमा महानगरवासीलाई गुणस्तरीय, स्वच्छ, ताजा खाद्यान्न तथा कृषिजन्य उत्पादन उचित मूल्यमा उपलब्ध गराउन उत्पादन तथा बिक्री वितरण गर्ने व्यवस्था यसमा गरिएको छ ।

महानगरले कृषि उत्पादनका पकेट क्षेत्र पहिचान गरिएका स्थानीय तहसँग अर्ग्यानिक खाद्यवस्तु उत्पादन गर्ने र वितरणका लागि कामपाभित्रका कृषि सहकारी वा कम्पनीसँग सम्झौता गर्ने जनाइएको छ । उत्पादकले गुणस्तरीय खाद्यान्न उत्पादन गर्ने, गुणस्तर परीक्षण गर्ने र महानगरपालिकामा भएको वितरकसम्म ढुवानी गर्ने काम गर्नुपर्नेछ । उत्पादन, प्रशोधन तथा ढुवानीमा लाग्ने खर्च सम्बन्धित पालिकाले स्वीकृत गरेको दरमा गर्नुपर्ने र महानगरले प्रविधि, अनुदान, जनशक्ति र भौतिक सामान सहयोग उपलब्ध गराउनेछ ।

पकेट क्षेत्रमा उत्पादन हुने वस्तुलाई विभिन्न आठ समूहमा बाँडिएको छ । यसअनुसार चामल, गहुँ, मकै, कोदो, फापर एउटा, मास, मुसुरो, रहर र मुङ दाल दोस्रो, सिमी, भटमास, गहत र बोडी तेस्रो समूहमा राखिएको छ । आलु, तरुल, पिँडालुजस्ता खाद्यान्न चौथो र लसुन, प्याज, अदुवा, बेसार, खुर्सानी, टिमुर पाँचौं समूहमा छन् । छैटौं समूहमा तेल, घिउ र दुग्धजन्य पदार्थ, माछा, अण्डा, कुखुरा, खसी र राँगाको मासु सातौं तथा मौसमी हरियो तरकारी र फलफूल आठौं समूहमा राखिएको छ । यी खाद्यान्न उत्पादन हुने ठाउँ पकेट क्षेत्र हुन सक्नेछन् ।

बैठकले 'लहरेबत्ती व्यवस्थापन कार्यविधि २०८१' पनि पारित गरेको छ । कार्यविधिअनुसार सजावट वा सुन्दरताका लागि कुनै पनि बोटबिरुवामा लहरेबत्ती राख्न पाइँदैन । अन्य व्यावसायिक तथा सार्वजनिक स्थानमा बत्ती राख्न वातावरण व्यवस्थापन विभागका अनुमति लिनुपर्नेछ । सजावट र सुन्दरताका लागि राखिएका बत्तीको गुणस्तर, जनस्वास्थ्य र वातावरणमा पार्ने नकारात्मक प्रभाव, प्राणी र जीवहरूको बास, आहार तथा आवतजावतमा पार्ने असर घटाउने विषय यसमा समेटिएका छन् । कार्यविधिमा जात्रा पर्वमा प्रयोग गरिने बत्तीहरू बढीमा सात दिनसम्म राख्न सकिने व्यवस्था गरेको महानगरले जनाएको छ ।रासस

# नागरिकका गुनासो सुन्न 'हेल्लो स्वास्थ्य'

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवासम्बन्धी गुनासो सम्बोधन गर्न 'हेल्लो स्वास्थ्य' सेवा सुरुआत गरेको छ ।

स्वास्थ्य मन्त्रालय तथा मातहतका निकाय र स्वास्थ्य सेवासँग सम्बन्धित गुनासा टेलिफोन, ह्वाट्सएप, भाइबर, इमेल तथा हुलाकबाटसमेत पठाउन यस्तो व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ । टेलिफोन नम्बर '१११५' मा फोन गरेर, भाइबर र ह्वाट्सएप '९८५१३३०५९२' नम्बरमा आफ्ना गुनासा सन्देशमार्फत पठाउन सकिने व्यवस्था गरिएको छ । यसैगरी इमेलमार्फत 'हेल्लो हेल्थ एट एमओएचपी डट जिओभी डट एनपी' मा पनि गुनासा पठाउन सकिनेछ ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले आमनागरिकको स्वास्थ्य सेवासम्बन्धी गुनासो सम्बोधन गर्न इकाइ स्थापना गर्ने मन्त्रीस्तरिय निर्णयपछि हेल्लो स्वास्थ्य स्थापना गरिएको जनाइएको छ । रासस

# 'तथ्यमा आधारित रहेर महिला हिंसा अन्त्यका लागि पहलकदमी जरुरी'



काठमाण्डु । महिला अधिकारका क्षेत्रमा क्रियाशील सरोकारवालाहरूले तथ्य र तथ्याङ्कमा आधारित रहेर महिला हिंसाबाट सबैभन्दा बढी प्रभावित क्षेत्र र जातीय समूहमा हिंसा न्यूनीकरणका कार्यक्रम लैजानुपर्नेमा जोड दिएका छन् ।

दलित महिला सङ्घ (फेडो)ले सोमबार आयोजना गरेको 'जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसासम्बन्धी अध्ययन प्रतिवेदन' सार्वजनिकीकरण कार्यक्रमका वक्ताहरूले अनुमानको भरमा नभए तथ्यमा आधारित भएर पहलकदमी लिनुपर्ने बताउनुभयो । "हिंसाका घटनाबारे सोलोडोलमा भन्ने गरिएको छ । अब महिला र बालिका हिंसामा परे भनेर मात्रै हुँदैन, कुन समुदाय र क्षेत्रका महिला बढी हिंसामा पर्ने गरेका छन् भनेर तथ्यका आधारमा हिंसा न्यूनीकरणका पहल गर्नुपर्छ", वक्ताहरूको साझा मत थियो ।

कार्यक्रममा राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले अझै पनि हिंसाका धेरै घटनाका पीडित न्यायको पहुँचमा पुग्न नसकेकाले यसका लागि सरकार र अरू सबै निकायले गम्भीर भएर सोच्नुपर्ने बताउनुभयो । उहाँले हिंसा शक्ति, सामर्थ्य र संरचनागत व्यवस्था पितृसत्तात्मक सोचको उपज भएकाले हरेक व्यक्ति यसका विरुद्ध जागरुक हुनुपर्ने धारणा राख्नुभयो ।

"हिंसा संरचनात्मक सांस्कृतिक विभेदसँग जोडिएको छ । यसबाट कुनै समुदाय र क्षेत्रका महिला तथा बालिका अलग छैनन् । अभिलेखमा आउने, उजुरी गर्ने भनेको त कुनै पनि हिसाबले घटना दबाउन नसकेपछि मात्रै हो । अहिले पनि कर्णालीलगायत दूरदराज, मधेश र ग्रामीण क्षेत्रका घटना अभिलेखमै आउँदैनन्", अध्यक्ष पराजुलीले भन्नुभयो, "महिलाले हिंसाको प्रतिकार गर्नु भनेको घर छोड्नु हो, घर छोडेपछि कहाँ जाने ? भन्ने प्रश्न पनि छ । यसमा राज्य र हामी सबै सरोकारवाला निकायले अभिभावकत्व निर्वाह गर्नुपर्छ । त्यसअघि हरेक व्यक्तिलाई सचेत बनाउन आवश्यक छ ।"

राष्ट्रिय दलित आयोगका अध्यक्षदेवराजविश्वकर्माआमनागरिकको सुरक्षाको प्रमुख दायित्व भएको सरकार र सरकारी निकायकाले यसमा सबैलाई समेटेर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । तीन तहका सरकार, संवैधानिक, कानुनी र हिंसा न्यूनीकरणका लागि थुप्रै संरचनात्मक व्यवस्था र थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले काम गरिरहे पनि जातीय र लैङ्गिक आधारमा हुने हिंसा नघट्नु गम्भीर समीक्षाको विषय भएको उहाँको भनाइ थियो ।

"तीन तहका सरकार, ऐन, कानुन बनेका छन्, तिनको कार्यान्वयन भइरहेको छ । तर पनि हिंसा भइरहेकै छ । अझै स्वस्फूर्त रूपमा उजुरी आउने अवस्था बनिसकेको पनि छैन । त्यसैले सरकारले मुख्य नेतृत्वदायी भूमिका निर्वाह गर्दै यसमा प्रभावकारी कदम चाल्नु अपरिहार्य छ", अध्यक्ष विश्वकर्माले भन्नुभयो ।

वरिष्ठ अधिवक्ता मिरा ढुङ्गानाले हरेक निकायले गर्ने अध्ययनले देखाएका हिंसासम्बन्धी तथ्य र निष्कर्षअनुसार सबै निकायले आफ्नो दायित्व पूरा गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले पछिल्लो समय वैवाहिक बलात्कार, बालिकामाथि बलात्कार र कार्यस्थलमा हुने हिंसाका सम्बन्धमा पनि आवश्यक अध्ययन गरी सोअनुसार क्रियाकलाप सञ्चालन गर्न आग्रह गर्नुभयो ।

फेडोका संस्थापक दुर्गा शोवले नेपालमा सबैभन्दा बढी कुन समुदाय र क्षेत्रका महिला हिंसामा पर्छन् भनेर अहिले पनि व्यवस्थित अध्ययन हुन नसकेकाले हस्तक्षेपकारी कदम चाल्न नसकिएको बताउनुभयो । तथ्यएकातिरसमस्यासम्बोधनकालागि हुने क्रियाकलाप अर्कैतिर केन्द्रित हुँदा महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरणमा समस्या भइरहेको उहाँको भनाइ थियो । शोवले सरोकारवाला निकायलाई सोलोडोलोमा नभई खण्डीकृत तथ्याङ्क आग्रह गर्दै सोहीअनुसार समस्या सम्बोधनको पहलका लागि ध्यानाकर्षण गराउनुभयो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव मीना पौडेलले आफ्नो मन्त्रालयले अध्ययनका निष्कर्षलाई आफ्ना दस्तावेजमा समावेश गरी सम्बोधनका लागि आवश्यक कार्यक्रम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा फेडोका अध्यक्ष कला स्वर्णकार, महासचिव रेणु सिजापतिलगायतले आफ्नो धारणा राख्नुभएको थियो । अध्ययनमा आर्थिक वर्ष २०८०/८१ र चालु आर्थिक वर्षका पछिल्ला तीन महिनामा देशभर भएका महिला तथा बालिकामाथिका हिंसाका अभिलेखको विश्लेषण गरिएको छ । यसका लागि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग गरी तीनवटा संवैधानिक निकाय, नेपाल प्रहरी र महिला अधिकारका क्षेत्रमा क्रियाशील छवटा सङ्घसंस्थाका अभिलेख (दस्तावेज समीक्षा) को विश्लेषण गरिएको छ ।

यसैगरी, काठमाडौंसहित सबै प्रदेशको प्रतिनिधित्व हुनेगरी गोरखापत्र दैनिक, कान्तिपुर दैनिक र अनलाइनखबर डटकमसहित १० वटा सञ्चारमाध्यममा प्रकाशित चार सय ५९ विषयवस्तुको विश्लेषण गरिएको थियो । 'जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसासम्बन्धी अध्ययन' पत्रकार टिकाराम सुनारले गर्नुभएको हो । रासस

# भ्रष्टाचारविरुद्ध ऐक्यबद्धता जाहेर गर्दै माइतीघरमा प्रदर्शन

काठमाण्डु । भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि पारितभएको २१ वर्ष पूरा भएको अवसरमा सोमबार देशभर 'भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस' विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको छ । सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका साथै भ्रष्टाचारविरुद्ध तथा सुशासनका पक्षमा क्रियाशील विभिन्न सामाजिक सङ्घ संस्थालेसमेत विविध कार्यक्रमको आयोजना गरी यो दिवस मनाएका छन् ।

भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइरहँदा नेपालमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायमका लागि भएका प्रयास तथा उपलब्धिबारे गम्भीर समीक्षाको खाँचो औँल्याइएको छ । सोही उपलक्ष्यामा ट्रान्सपरेन्सी इन्टरनेसनललगायत संस्थाको अगुवाइमा काठमाडौंको माइतिघरस्थित सडकमा भ्रष्टाचार विरुद्धको अभियानप्रति ऐक्यबद्धता जाहेर गर्दै आज बिहान १० देखि ११ बजेसम्म एक घण्टा प्रदर्शन गरियो ।

नागरिक समाजका अगुवा, विभिन्न सङ्घ संस्थाका प्रतिनिधिका साथै ट्राफिक प्रहरीबाट समेत ऐक्यबद्धता प्रकट गरिएको उक्त प्रदर्शनीमा न्याय निसाफमा हुने आर्थिक मोलमोलाइले देशलाई खोक्रो बनाउने विषय प्लेकार्डमा उल्लेख गरिएको थियो ।



त्यस्तै, भ्रष्टाचार नियन्त्रण गर्ने अभियानमा पीडित जनता अब आफै सक्रिय हुनुपर्ने तथा भ्रष्टाचार घातक रोग भएकाले यसको अन्त्य गरिनुपर्ने विषय त्यस अवसरमा प्लेकार्ड प्रस्तुत गरियो । ट्रान्सपरेन्सी इन्टरनेशनल, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन, महालेखा परीक्षकको प्रतिवेदनजस्ता सरकारी निकायकै आधिकारिक दस्तावेज र तथ्य-तथ्याङ्कले मुलुकमा भ्रष्टाचार बढिरहेको देखाएको छ ।

तथापी, तीनै तहका सरकार तथा सरोकारवाला निकायसमेत भ्रष्टाचार घटाउन र सुशासन कायम विभिन्न पाटाबाट भगिरथ प्रयास गरिरहेका छन् । मुलुकको हालको अवस्थाले भ्रष्टाचार कम भएको सङ्केत तथा तत्कालै सुधार हुने सम्भावना कम देखिएको ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका अध्यक्ष मदनकृष्ण शर्मा बताउनुहुन्छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले भ्रष्टाचारविरुद्धको अभियानमा लामो समयदेखि सहकार्य गर्दैआएको छ । नेपाल सरकार, पूर्वसचिव तथा पूर्वकर्मचारी सेवा परिषद्का अध्यक्ष बालकृष्णप्रसाद प्रसाइँले भ्रष्टाचारविरुद्धको अभियान राजनीतिक नेतृत्व र कर्मचारी प्रशासकमै पनि बोली तथा व्यवहारमा एकरुपता नदेखिएको प्रतिक्रिया दिनुभयो ।

उहाँ भन्नुहुन्छ, "राजनीतिक नेतृत्वको बोलीमा प्रतिबद्धता र सरकारी कार्यालयको मूलद्वारमा भ्रष्टचारविरुद्धमा शून्यसहनशीलता लेखिपनि व्यवहारमा भनाइ र गराईबीच ठूलो खाडल छ ।" ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका सदस्य किरण थापाले भ्रष्टाचारविरुद्धको अन्तर ाष्ट्रिय दिवस भएकाले त्यसप्रति ऐक्यबद्धता प्रकट गर्दै प्लेकार्डसहित प्रदर्शन गरिएको प्रतिक्रिया दिनुभयो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# बीआरआई सम्झौता

चीनको भ्रमणमा जाँदा नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) फ्रेमवर्कमा गरेको सम्झौताबारे देशमा अनेक आशंका र सफाइ दिने काम भइरहेको छ । बीआरआईमा चीनले ऋण उपलब्ध गराएर कयौं देशलाई संकटमा पारेको अवस्था छ । नेपाललाई पनि चीनले बीआरआई मार्फत ऋणमा डुबाउने प्रयास गरेको छ । चीनको मुख्य लक्ष्य नै बीआरआई मार्फत ऋण दिएर आफ्नो नियन्त्रणमा राख्ने उदेश्य लिएर काम गरिरहेको छ । पोखरा विमानस्थलका लागि उपलब्ध गराएको ऋण मिनाहा गर्न चीन इच्छुक छैन । बीआरआई अन्तर्गत फेरि ऋण लिए नेपाल धराशायी हुने निश्चित छ । चीनले नेपाललाई ऋणको जालोमा फसाएर कठपुतली बनाउन चाहेको प्रष्ट छ । तर चीनको ऋण लिने सम्झौताविरुद्ध नेपालमा ठूलो जनमत छ । नेपालले ऋण सम्बन्धी सम्झौता नगर्न प्रधानमन्त्री ओली चीन जान अगावैदेखि नेपालमा दबाब बढेको थियो । एमाले लगायतका केही दलका नेताहरुले बीआरआई सम्झौतामा ऋण लिने विषय भए पनि नेपाल तयार रहनुपर्ने तर्क गरेका थिए । तर सत्ता साझेदार नेपाली कांग्रेसलगायतका कयौं नेताहरुले बीआरआई अन्तर्गत ऋण सम्बन्धी सम्झौतामा हस्ताक्षर नगर्न प्रधानमन्त्री ओलीमाथि दबाब दिएका थिए । प्रधानमन्त्री ओली स्वदेश फर्केपछि विदेश मन्त्री आरजु देउवाले बीआरआई फ्रेम वर्कमा ऋण शब्द उल्लेख नरहेको सफाइ दिएकी छन् । प्रधानमन्त्री ओलीले पनि देशहित विपरित हुने कुनै सम्झौता नगरेको दाबी गरेका छन् । तर प्रधानमन्त्रीको चीन भ्रमणले नेपाल दक्षिणी छिमेकीसितको सम्बन्धलाई चिसो बनाएको छ । प्रधानमन्त्री ओलीले चाँडै भारत भ्रमणमा पनि जाने दाबी गरेका छन् । भारतको भ्रमणमा जानु ठूलो विषय होइन । विषय विश्वासको हो । प्रधानमन्त्री ओलीले चीन र भारतलाई मात्र नभइ अमेरिका र युरोपियन युनियनलाई पनि विश्वासमा राख्नु पर्छ । नेपालले सबै देशसित समान किसिमको सम्बन्ध राख्नु पर्छ । दुई ठूला छिमेकी भारत र चीन मध्ये नेपालको हितमा भारतसितको सुदृढ सम्बन्ध बढी महत्वपूर्ण छ । भारतसित रोटीबेटीको सम्बन्ध रहेको छ । धार्मिक, सांस्कृतिक, राजनीतिक, भाषिकलगायत कयौं प्रकारको समानता दुवै देशबीच छ । चीनको उद्देश्य ऋण प्रवाह गरी देशलाई नियन्त्रणमा राख्ने हो । त्यसबाट नेपाल जोगिनु पर्छ । चीनले विकास गर्ने भनेको पाकिस्तान, बंगलादेश, श्रीलंकालगायत दक्षिण एसियाका देशहरु ऋणमा डुबेका छन् । त्यस्तो परिस्थिति नेपालमा आउन दिन हुँदैन । चीनले अनुदान सहयोग दिए नेपालले सहज रुपमा ग्रहण गर्नु पर्छ । चीन अथवा अन्य देशसित ऋण लिनु हुँदैन । विश्व बैंक, एसियाली विकास बैंकहरुले नेपाललाई आवश्यकता अनुसारको ऋण उपलब्ध गराउँदै आएको छ । त्यसकारण पनि नेपालले ऋणको जालोमा फँस्नु हुँदैन ।

# ओलीको चीन भ्रमण र 'हल्लाहरु'



**रोशन जनकपुरी**

नेपाली भाषाका प्रसिद्ध कवि भूपी शेरचनको एउटा कविता छ : 'यो हल्लै हल्लाको देश हो' । नेपालको परराष्ट्र नीति र कूटनीतितर्फ विचार गर्दा स्थिति भूपी शेरचनको कविता जस्तै देखिन्छ । गद्दीमा नयाँ प्रधानमन्त्री बसेको बेला र प्रधानमन्त्रीले पहिलो पटक कुनै देशको भ्रमण गर्ने बेला देशको राजनीतिक बजारमा तीव्र 'हल्ला' सुनिने गरिन्छ । नयाँ प्रधानमन्त्रीले आफ्नो पहिलो विदेश भ्रमण कहाँबाट शुरु गर्छन् ? प्रधानमन्त्रीलाई कसले सबैभन्दा पहिलो बधाई दिए ? प्रधानमन्त्रीले सबैभन्दा पहिले कसलाई फोन गरे ? जस्ता प्रश्नहरुको सम्भावित निष्कर्षमा बजार विभिन्न कित्तामा बाँडिदो रहेछ । मिडिया, पत्र पत्रिकाका पानाहरु, रेडियो र टिभीका विमर्श र सम्वाद कार्यक्रमहरुहरुमा स्वघोषित परराष्ट्र विशेषज्ञहरुका विचारहरु र सल्लाहहरुले भरिन्छन् । यसै आधारमा चिया पसलसमेतमा यी बहसहरुले कित्ताबन्दी गरिरहेका हुन्छन् । यस पटक प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणपनि यस्तै हल्लाहरुका बीच भयो । उत्तरी छिमेकी चीनको वैश्विक परराष्ट्रको सर्वाधिक प्रभावशाली अर्थ राजनीतिक परियोजना 'बिआरआई' (बेल्ट एन्ड रोड इनिसिएटिभ) सम्झौतामा सामेल हुने न हुने, ऋण लिन हुने न हुने, र अनुदान मात्रै लिने, ऋण नलिने जस्ता विषयहरुमा घनघोर हल्ला चलिरहेको थियो ।

प्रधानमन्त्री ओली चीनबाट फर्की सकेका छन् । चीनबाट फर्कँदा मंसीर २० गते प्रधानमन्त्रीले जारी गरेको 'प्रेस नोट' अनुसार यस पटकको भ्रमणको क्रममा दुई देश बिच भएको दसबुँदे सम्झौता वा समझदारी पत्रमा 'बिआरआई' फ्रेमवर्क एक नम्बरमा उल्लेख छ । अन्य नौबुँदामा आधारभूत संरचना निर्माण जस्ता विकास निर्माण, र सामान्य पारस्परिक सहयोग सम्बन्धका विषय रहेका छन् भने सर्वाधिक चासो र चर्चाको विषय बिआरआई परियोजना हो ।

विश्व राजनीतिमा चीनको बहुआयामिक उपस्थिति र वर्चस्वको रुपमा चर्चित बिआरआई परियोजना विश्वभरी नै चासोको नजरले हेर्ने गरिएको छ । चीनले यसलाई आफ्नो हार्दिक आर्थिक राजनीतिक सम्बन्ध विकासको अवधारणामा आधारित 'अन्तर र्ष्ट्रिय विकास परियोजना' भनिरहेको छ, भने चिनियाँ नीतिका आलोचकहरुले यसमा चीनको सुरक्षा सरोकार र सैन्य कूटनीतिपनि लुकेको भन्ने गरेका छन् । दक्षिण एसियाली क्षेत्रीय राजनीतिमा त यो झन् बढी सम्वेदनशील रुपमा प्रस्तुत गरिन्छ ।

वर्तमान विश्व राजनीतिमा शक्तिशाली देशहरु बीच कटु हुँदै गएको अर्थ राजनीति र सैन्य राजनीतिक खेमाबन्दीमा, अर्थ राजनीति र सैन्य राजनीति आपसमा मिसिएका हुने गर्छन् । यसको अर्थ आर्थिक युद्धको तात्पर्य सैन्यशक्तिको निम्ति साधन जुटाउनु हो भने सैन्य वर्चस्व र युद्धको अर्थ आर्थिक बजारमा 'वर्चस्व' कायम गर्नु हो । विश्व राजनीतिमा चीन तिव्रगतिमा उदाएको यस्तो आर्थिक शक्तिशाली देश हो, जस्ले प्रत्येक आर्थिक मोर्चामा अमेरिकी साम्राज्यवादलाई टक्कर दिइरहेको छ । सैन्य दृष्टिकोणले संयुक्त राज्य अमेरिकाको प्रतिस्पर्द्धि रुस रहेपनि आर्थिक दृष्टिले चीन अमेरिका पछिको दोस्रो महाशक्तिको रुपमा स्थापित छ । यसकारण विश्व अर्थ राजनीतिमा चीनको विस्तारले अमेरिकी स्वार्थलाई प्रभावित गर्नु र चिनियाँ गतिविधिले अमेरिकी कूटनीति आशंकित हुनु स्वाभाविक नै छ । अर्कोतर्फ आफ्नो वैश्विक महत्वाकांक्षाको कारण चिनियाँहरुले पनि आफ्नो अर्थ कूटनीतिक योजनाहरुको प्रसार गर्नुपनि स्वाभाविक नै छ ।

हुन त विश्व राजनीतिक मञ्चहरुको आर्थिक र कूटनीतिक क्षेत्रमा चीन प्रमुख प्रतिस्पर्द्धि स्थान राख्छ, तर दक्षिण एसियामा भारत भने उसको प्रमुख प्रतिस्पर्द्धि देखिन्छ । सस्तो श्रम र पूँजीको आयतनको दृष्टिले तीव्रगतिमा विस्तारित हुँदै गइरहेको भारत, विश्व राजीतिमा आर्थिक र सैन्य खेमाबन्दीको कारण क्षेत्रीय राजनीतिमा शक्तिसम्पन्न देशहरुको निम्तिपनि महत्वपूर्ण हुँदै गैरहेको छ । दक्षिण एसियाको राजनीतिमा अर्थ राजनीति र सामरिक दृष्टिले समेत वर्चस्वको भूमिकामा देखिने भारतको निम्ति चीनको अर्थ राजनीतिक विस्तार विविध कोणबाट चुनौतीपूर्ण हुनु स्वाभाविक नै छ । अझ सीमा विवादको कारण विगतमा युद्धसमेत लडिसकेको भारत र चीन दक्षिण एसियामा दुई कटु प्रतिस्पर्द्धि देशको रुपमा छन् । विगतमा दुबै पक्षबाट आपसी सम्बन्ध सहज पार्ने अनेक प्रयासहरु पनि भएका छन्, तर क्षेत्रीय स्वार्थ र महत्वाकांक्षावश् ती प्रयासहरु सफल हुनसकेका छैनन् । नेपाल यिनै दुई जायन्ट देशहरुको बीचमा




अवस्थित छ ।

विगतमा चीनको मौन कूटनीतिक नीतिका बेला नेपालमाथी एकतर्फी भारतीय राजनीतिक कूटनीतिक प्रभाव थियो । तर विगत बीसवर्षमा चिनिया कूटनीति मुखर हुँदै गएपछि, र विशेष गरेर राष्ट्रपति सी जिंङ्ग पिंङ्गको शासनकालमा चीनको वैश्विक महत्वाकांक्षा बढदै गएपछि नेपालको द्विदेशीय भूराजनीतिक अवस्थिति उसको निम्तिपनि महत्वपूर्ण हुँदै गएको हो ।

भारत र चीनबीचको युद्धको कारण सत्तरीको दसकदेखी नै नेपाल चीन र भारतको कूटनीतिक तानातानमा पर्ने गरेको हो । कूटनीतिक हल्ला त्यतिबेलापनि हुने गरेको हो । तर अहिले जतिबेला एमसीसी परियोजनाको माध्यमबाट विश्वको सबैभन्दा शक्तिशाली देश अमेरिका स्वयं नेपालको राजनीतिमा गतिशील छ, नेपालमा वैदेशिक कूटनीति त्रिकोणात्मक देखिन्छ । अझ दाता राष्ट्रको रुपमा युरोपियन युनियनको सौम्य कुटनीतिलाई पनि उपेक्षा गर्न सकिँदैन । यद्यपि नेपालमा वैदेशिक कूटनीतिको तीन प्रमुख पात्रहरु यिनै हुन् । यी मध्येपनि हाल नेपाली राजनीतिक बजारमा हुने हल्लाहरुमा भारत र चीन नै बढी हुने गर्छ ।

प्रधानमन्त्री केपी ओलीको चीन भ्रमण र बिआरआई परियोजनामा नेपाल सामेल हुने, न हुने, कति सामेल हुने, न हुने 'हल्ला' यिनै कूटनीति माहौलमा चलेको हो । प्रम ओलीले बिआरआईमा हस्ताक्षर गरेपछि 'नेपाल भारतीय प्रभावभन्दापनि चिनियाँ पोल्टामा पऱ्यो' भनेर भारतको सरकार समर्थित मिडियाहरुको कोलाहल यस्तै कूटनीतिक भाष्य निर्माणको प्रयत्न हो । यो कूटनीतिक द्वन्द्वको प्रभाव र वर्चस्व नेपालमा यथावत् राख्ने दाउ मात्र हो । होइन भने कुनैपनि देशले आफ्नो हितमा जुनसुकै देशसंग सम्झौता सहमति गर्नु उसको नैसर्गिक र सार्वभौमिक अधिकार भित्र पर्छ । तर यो नेपालको अस्थिर राजनीति तथा दलाल पूँजीपति र नोकरशाही वर्गको प्रभाव नै हो कि देशको ठोस परराष्ट्र नीति बन्न सकेको छैन । विशेष गरी एमसीसी परियोजना प्रकरणमा जसरी राजनीतिक दलहरुले व्यापक विरोध गरे र अन्ततः लगभग सबै यस्को पक्षमा उभिए, त्यसले नेपालको ध्वस्त परराष्ट्रनीतिलाई उदाङ्गो पारिदियो । स्वाभाविकरुपमा यसखाले अस्थिरताले वैदेशिक शक्तिहरुलाई अस्वस्थ्य खेल खेल्ने मौका दिन्छ । नेपालको राजनीतिमा विविध भाष्यहरु यस्तै यस्तै गञ्जागोलबीच सृजित हुने गरेको छ ।

यसै कारण प्रम ओली चीनबाट सम्झौता गरेर फर्कि सकेपनि हल्लाहरु थामिएका छैनन् । यस्मा ओलीको बडबोलीपनले पनि भूमिका खेल्ने गरेको छ । नेपालका बुद्धिजीविहरुको एउटा हिस्सा छ, जो फलानाबाट आर्थिक सहयोग लिए उचित हुने र फलानाबाट लिए फँस्ने जस्तो भाष्य खडा गर्ने गर्छन् । यिनै भाष्यको प्रभाव हो कि सत्ता साझेदार नेपाली काँग्रेसले बिआरआईबाट अनुदान मात्र लिने, ऋण नलिने भनेर अडान लिएको थियो । प्रधानमन्त्री ओलीले पनि नेकाको अडान अनुसार नै गर्ने सहमति जनाएका थिए । प्रम ओलीको कूटनीतिक टोलीले पनि यस्तै प्रस्ताव सारेको थियो । तर दिनु लिनु दुईपक्षीय हुन्छ । फेरी फलानसंग ऋण लिन्छु, फलानासंग ऋण लिन्न भन्नुपनि उचित देखिँदैन । अर्कोतर्फ अनुदान .(ग्रान्ट) मात्रैको निम्ति सम्झौता गर्न चिनियाँ पक्षपनि तयार थिएन । अन्ततः बीचको बाटो 'आर्थिक सहयोग' (फाइनान्सियल एड) शब्द राखेर सम्झौता गरियो । अर्थ कूटनीतिको भाषामा 'आर्थिक सहयोग' शब्दावलीले ऋण, अनुदान र आर्थिक लगानी तीनवटै आथिक पक्षलाई अभिव्यक्त गर्छ । दुई देश बीच भएको सम्झौतामा, हुन त बिआरआई परियोजना तहत कुनै ठोस योजना सम्झौता भएको छैन, तर दुई देश बीचको सम्झौताको बुँदामा परेपछि अलपत्र परेको यो परियोजना नेपालमा जीवित भएको छ । सम्झौतामा परेका विगतमा घोषित २ अर्ब ७० करोडको संगै सम्झौतामा परेका थप ९ अर्ब ३४ करोड रुपियाँको आर्थिक सहयोगहरु बिआरआई भन्दा बाहिरका अनुदान हो । यद्यपि यस सम्झौता र समझदारीले नेपाली राजनीतिमा चीनसंगको सम्बन्धलाई थप बल पुऱ्याउने छ ।

प्रम ओलीले नेकालाई भरोसा दिलाए झै गरे । उनले बिआरआई अन्तर्गत ऋण लिने सम्झौता गरेनन् । तर 'आर्थिक सहयोग' शब्दावलीले ऋण लिनै हुन्न भन्ने सम्भावनालाई पनि निषेध गऱ्यो । यसैकारण ओलीको सत्ता साझेदार नेकाभित्र अध्यक्ष शेरबहादुर देउवाका प्रतिस्पर्द्धि गगन थापा लगायतले उनलाई घेर्ने मौका पाएका छन् । अर्कोतिर नेका बिच्किने डरले प्रम ओली पटक पटक ऋण लिने सम्झौता कहाँ गरेको हो ? भनेर स्पष्टिकरण दिँदै हिँडि रहेका छन् । त्यतिमात्र होइन, आफ्नो दक्षिणी छिमेकी भारतलाई तोकभरोसा दिलाउनलाई अब आफूले भारत भ्रमण गर्ने सन्देशपनि दिइरहेका छन् । नेपाली परराष्ट्र नीतिको दुविधा र अस्थिरता यही नै हो । वस्तुतः कुनैपनि देश आफ्नो हितमा आफ्नो परराष्ट्र नीति र कूटनीति तय गर्नु पर्छ । अझ नेपाल जस्तो देश, जो वर्तमानको बहुआयामिक वैश्विक राजनीतिक स्थितिमा आफ्नो भू राजनीतिक महत्वको फाइदा उठाउँदै आफ्नो विकास र समृद्धिलाई केन्द्रमा राखेर आफ्ना नीति निर्माण गर्नसक्नु पर्छ र यस्मा दृढतापूर्वक अडान लिनसक्नु पर्छ । नेपालको राजनीतिमा भौगोलिक भूपरिवेष्ठितता (बफर स्टेटको स्थिति) राजनीतिक र सामरिक भूपरिवेष्ठितता समेतको रुपमा निरीह व्याख्या गरिँदै आएको छ । तर वर्तमान चलायमान विश्वराजनीतिमा भूअवस्थिति राजनीतिक सम्बन्धको निम्ति महत्व त राख्छ, बाध्यात्मक र निर्णायक हुनसक्दैन ।

जहाँसम्म बिआरआईको विषय छ, चीनको यस परियोजनामा हालसम्म एकसय पचासवटा देश सामेल छन् । यस परियोजनाको मूख्य आर्थिक सरोकार आर्थिक लगानी, ऋण र अनुदान सहयोग हो । यस परियोजनाबाट ऋण लिएका देशहरुमा राम्रा र नराम्रा दुबै परिणामहरु देखिएका छन् । केन्या, मलेसिया, थाईल्यान्ड, कम्बोडिया, भियतनाम, मेक्सिको जस्ता देशहरुमा यसका सकारात्मक परिणाम देखिएका छन्, विशेष गरेर गरिबी निवारण, रोजगारीवृद्धि र आधारभूत संरचना निर्माणको क्षेत्रमा । र पाकिस्तान, श्रीलंका लगायतका केही देशहरुमा यस्का नकारात्मक परिणामपनि देखिएका छन् । तर यी नकारात्मक परिणामहरु बिआरआई परियोजनाभन्दा पनि त्यस देशको आन्तरिक अस्थिरता तथा खराब ऋणको छनौट हो ।

अर्कोतर्फ अनुदान मात्रै लिने तर्कपनि उचित देखिँदैन । वर्तमान विश्व राजनीतिमा निःस्वार्थ कसैले पनि केही दिँदैन । अनुदान त झन् पूर्णरुपमा कूटनीतिकरुपमा आफ्नो खेमामा परेको देशलाई दिइने आर्थिक सहयोग हो । नैतिकरुपमा (कूटनीतिकरुपमा) अनुदानले ऋणभन्दा बढी मूल्य तिर्नुपर्ने हुन्छ । अझ दुई ठूला जायन्ट देशहरुको बीचमा फँसेको साना र गरिब देशहरुले त झन् बढी मूल्य चुकाउनु पर्ने हुन्छ । विगतदेखी नेपालमा जारी एकपक्षीय बहुआयामिक कुटनीतिक निरीहताको समीक्षा गरे अनुदानको मूल्य बुझ्न सकिन्छ । त्यसकारण वर्तमान वैश्विक राजनीतिक परिवेशमा नेपालले आफ्नो भूराजनीतिक विशिष्टताको फाइदा उठाउने गरी आफ्नो स्वतन्त्र र ठोस परराष्ट्र र कूटनीतिक दृढता देखाउन सक्नु पर्छ । गरिबदेशहरुको निम्ति, हुन त यो चुनौतीपूर्ण र कठिन हुन्छ, तर परराष्ट्रनीति र कूटनीति सम्बन्धमा राजनीतिक दलहरुले साझा दृष्टिकोणको विकास गर्नु जरुरी छ । होइन भने 'हल्ला'हरुले हमेशा अस्थिरता सृजना गरिरहने छ ।

# सबै बजेट गौरवका योजनामै खन्याउने कुरा हुँदैन



**कमलबहादुर शाह**

६ वर्ष अघि सुदूरपश्चिम प्रदेशको तत्कालीन सरकारले ल्याएको प्रदेश गौरवको योजनाको अवधारणा धेरै राम्रो भए पनि बजेट क्षमता, व्यावहारिक पक्षलाई त्यति ख्याल गरिएन । समग्रमा सबै जिल्ला र पालिका जोड्ने सडक सञ्जाल विस्तार गर्ने योजनालाई नराम्रो भन्न मिल्दैन ।

तर, गौरवका योजनाहरूलाई हामीले सम्पन्न गर्न त्यही अनुसारको बजेट विनियोजन गर्न सक्नु पर्छ । गौरवका आयोजना भनेर घोषणा गरिदिने तर तिनको कार्यान्वयनलाई बजेट उपलब्ध गराउन नसक्ने अवस्था रह्यो भने त्यसले प्रतिफल दिन सक्दैन । त्यसैले योजना छनोट गर्दा बजेट सुनिश्चितता गर्नुपर्छ ।

हामीसँग भएका गौरवका योजनाहरूलाई पूर्णता दिन सकेका छैनौं । बजेटको अभावमा ती योजना अल्झिरहेको अवस्था छ । यसमा हामी समीक्षा गर्दैछौं । प्रदेश नीति तथा योजना आयोगमार्फत गौरवका योजनाहरूको अध्ययन गर्दैछौं । डिटेल रिपोर्ट आइसकेपछि त्यही अनुसार अगाडि बढ्छौं ।

गौरवका योजनाहरूमा सडक सञ्जालमात्रै छन् । सडक बनाउनु राम्रो कुरा हो । जनताको दैनिक जीवनमा पनि यसको महत्त्व हुन्छ । बजारीकरणमा सहज हुन्छ । सडक जति बनाउन सक्यो, त्यति नै राम्रो हो । यसलाई अन्यथा भन्न मिल्दैन । तर योजना छनोटमा विविधीकरण पटक्कै भएन । यसका लागि चाहिने मुख्य कुरा बजेट नै हो । सबै बजेट यसैमा केन्द्रित भयो भने अरू क्षेत्र प्रभावित हुन्छन् । विकास भनेको सडकमात्रै होइन । शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनलगायतलाई पनि सरकारले हेर्नुपर्छ । त्यसैले ती गौरवका योजनाको निर्माण पनि चरणबद्ध रूपमा नै अगाडि बढ्छन् ।

**महत्त्वाकाङ्क्षी गौरवका योजना**

गौरवका योजनाहरू पहिचान र नामकरण गर्दा हामो अवस्था, क्षेत्रलाई हेरेर दिनुपर्थ्यो भन्ने मेरो भनाइ हो । वास्तवमा यो गौरवका योजनाहरू सम्पन्न गर्ने आधार हामीसँग देखिएन । नौ-नौ वटा गौरवका योजना सम्पन्न गर्दैगर्दा अर्बौंको होइन, खर्बौं पैसा लाग्छ । केन्द्रमा गौरवका योजना छन् । जसमा निश्चित स्रोतसँगै निश्चित समयभित्र सम्पन्न गर्ने लक्ष्य हुन्छ । तर हामीकहाँ त्यो पनि भएन । गौरवका योजनाभन्दा पनि सडक सञ्जाल विस्तार योजना भनेर राखेको भए हुन्थ्यो । तर नौ-नौ वटा योजनालाई गौरवका योजनाभित्र राखिदिएपछि हाम्रो बजेटको सीमितताले त्यसलाई कभर गर्न सकेको छैन । कार्यान्वयनमा ढिलाइ हुनुको मुख्य कारण यही नै हो ।

गौरवको योजना दुई-चार वर्षमै सम्पन्न हुन सक्दैनन् । प्रदेश सरकारको सबै बजेट यसमै खन्याउने कुरा हुँदैन । प्रदेश सरकारले अरू क्षेत्रलाई पनि हेर्नुपर्ने हुन्छ । सरकारका लागि जनताको चासो जोडिएका सबै क्षेत्र उत्तिकै महत्त्वपूर्ण हुन्छन् । शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रलाई सरकारले नजरअन्दाज गर्न मिल्दैन । ती क्षेत्रका लागि पनि समुचित बजेटको व्यवस्था गर्नु सरकारको कर्तव्य र जिम्मेवारी पनि हो ।

यसरी बजेट सबै क्षेत्रमा बाँडफाँट गर्नुपर्ने भएकाले ठुलो खर्च लाग्ने गौरवका योजनालाई आवश्यकता अनुसार बजेट उपलब्ध गराउन समस्या हुन्छ । किनकि हामीसँग बजेटको स्रोत सीमित छ । त्यही सीमिततामा रहेर हरेक क्षेत्रमा काम गर्नुपरेको अवस्था छ ।

> गौरवको योजना भनेर तत्कालै सम्पन्न गर्नै पर्ने भन्ने होइन । बजेट उपलबधता अनुसार तिनका लागि प्रदेश सरकारले उपयुक्त बजेटको व्यवस्था गर्दै आएको छ । हामीले खण्ड-खण्डमा गरी ती योजनाको कामलाई निरन्तरता दिइरहेका छौं । काम हुँदै नभएको होइन तर मुख्य कुरा, ती सबै योजनालाई पूर्ण क्षमतामा सञ्चालन गर्न सक्ने बजेटको स्रोत सुनिश्चित नहुँदा अपेक्षा अनुसार काम नभएकोजस्तो देखिएको हो । तर काम नै नभएको भने होइन ।

गौरवको योजना भनेर तत्कालै सम्पन्न गर्नै पर्ने भन्ने होइन । बजेट उपलब्धता अनुसार तिनका लागि प्रदेश सरकारले उपयुक्त बजेटको व्यवस्था गर्दै आएको छ । हामीले खण्ड-खण्डमा गरी ती योजनाको कामलाई निरन्तरता दिइरहेका छौं । काम हुँदै नभएको होइन तर मुख्य कुरा, ती सबै योजनालाई पूर्ण क्षमतामा सञ्चालन गर्न सक्ने बजेटको स्रोत सुनिश्चित नहुँदा अपेक्षा अनुसार काम नभएकोजस्तो देखिएको हो । तर काम नै नभएको भने होइन ।

**पुनर्मूल्याङ्कन हुन्छ**

कुनै पनि योजनाको काम गर्दा मुख्य कुरा बजेट नै हो । त्यतिबेला गौरवका योजना राख्दा सडकको मात्र नराख्नुपर्ने थियो । सबै क्षेत्र समावेश गरेर राखेको भए बजेट पनि त्यसरी नै बाँडफाँट गर्न सजिलो हुन्थ्यो । एकातिर गौरवका योजना भनेर भनियो तर सबै योजना सडककै मात्र राखियो । जसले गर्दा गौरवका योजनालाई बजेटमा प्राथमिकता दिऊँ न त भन्दा अन्य क्षेत्रलाई बजेट नहुने अवस्था हुन्छ ।

एकदुई वटा कृषिको, एकदुई वटा पर्यटनका योजनाहरू राखिदिएको भए हुन्थ्यो । जसले गर्दा काम बजेट विनियोजन गर्न सहज हुन्थ्यो । यसअर्थमा तत्कालीन सरकारले ल्याएका यी योजनाहरूलाई अदूरदर्शी भन्न त मिल्दैन तर महत्त्वाकाङ्क्षी योजना नै हुन् । यद्यपि ती योजना आवश्यक नै हुन् । यसलाई गौरवकै रूपमा नराख्दा हुन्थ्यो । राखेपछि सबै क्षेत्रको समावेश गरेर राख्नुपर्थ्यो । यसकारण यसमा बजेट व्यवस्था गर्न गाह्रो भएकै छ ।

त्यसो त विनियोजित बजेट खर्च नहुने समस्या पनि छ । पर्याप्त जनशक्ति नहुँदा बजेट खर्च हुन नसक्ने अवस्था छ । बजेट विनियोजन गर्दा सबै मापदण्ड पूरा नगरेका कारण पनि बजेट खर्चमा प्रगति नहुने समस्या छ । हाम्रो प्रक्रिया नै त्यस्तै छ । केही मापदण्ड पूरा नभएका कारणले पनि बजेट कार्यान्वयनमा जान नसक्ने अवस्था रहन्छ । त्यस कारण यहाँको बजेट ६० प्रतिशत, ६५ प्रतिशत खर्च हुने अवस्था विद्यमान छ । बाँकी बजेट जनशक्ति अभाव, प्राविधिक कुरा र केही प्रक्रियागत कुराले विलम्ब हुन जान्छ ।

अब हामी यी गौरवका योजनाहरूको बारेमा समीक्षा गर्दैछौं । नीति तथा योजना आयोगमार्फत यी योजनाका बारेमा पुनर्मुल्याङ्कन र पुनर्विचार गर्दैछौं । तर त्यसो भन्दै गर्दा हटाउने भन्नेचाहिँ होइन । तर त्योभित्र के-के समस्या छ ? कहिलेसम्म सम्पन्न गर्न सकिन्छ ? पहिलो वर्ष कति सकिन्छ ? दोस्रो वर्ष कति सकिन्छ ? त्यो खाकासहित हामी छलफल गर्छौं ।

स्वाभाविक रूपमा यो मेरो दोस्रो कार्यकाल हो । गौरवका योजनाहरूको बारेमा पुनर्मुल्याङ्कन र पुनर्विचार भइसक्नुपर्ने हो । तर केही राजनीतिक घटनाक्रमले पनि प्रभाव पारेको छ । एक किसिमको लयमा गइसकेपछि फेरिने राजनीतिक घटनाक्रमले क्रम भङ्ग हुने अवस्था सिर्जना हुन्छ । मेरोमा ३-४ महिना डिस्टर्ब नभएको भए स्वाभाविक रूपमा त्यो प्रक्रियामा गइसक्थ्यो । बजेट बनाउने समय भनेको विशेष गरी माघ, फागुनदेखि असारसम्म हो । यो समयावधिमा यसको विषयमा व्यापक छलफल गर्न सकिन्थ्यो । तर राजनीतिक घटनाक्रमकै कारण सकिएन ।

पछिल्लो समय पनि असारमा एउटा सरकारले बजेट ल्यायो, अर्को सरकारले त्यो बजेटमा परिमार्जन गर्नुपर्ने, पुनर्लेखन गर्नुपर्ने मात्रै भयो । त्यस कारण मेरो उद्देश्य अनुरूप गर्न सकेको छैन । अहिले म समीक्षामै छु । अब बजेट विनियोजन भइसकेको अवस्थामा नयाँ शीर्षकमा, नयाँ कार्यक्रममा बजेट विनियोजन गर्न सक्दैनौं । अब आउने बजेटसम्म धेरै कुरा क्लियर गरेर जानुपर्छ भन्ने मान्यतामा म आफैं लागेको छु ।

# घरघरमा स्वच्छ खानेपानी पुरयाउन सरकार प्रतिबद्ध छ : मन्त्री यादव

दमक । सङ्घीय खानेपानीमन्त्री प्रदीप यादवले सन् २०३० सम्म नेपाल सरकारको लक्ष्यअनुसार घरघरमा स्वच्छ खानेपानी पुर्‍याउन वर्तमान सरकार प्रयत्नशील रहेको बताउनुभएको छ । सन् २०३० सम्म सबैलाई स्वच्छ खानेपानीको पहुँच विस्तार गर्ने लक्ष्य सरकारले लिएको उल्लेख गर्दै उहाँले ‘ एक घर, एक धारा’ नारा अनुसार सबैको घरमा खानेपानी पुर्‍याउन सरकारले सबै तहको समन्वय र सहकार्यमा काम गरिरहेको बताउनुभयो ।




दमक-३ को उत्तरी क्षेत्रका बासिन्दालाई लक्षित गरी निर्माण गरिएको बेलडाँगी खानेपानी आयोजना उद्घाटन समारोहमा मन्त्री यादवले देशको सामाजिक, आर्थिक विकासमा खानेपानीको महत्व हुने हुँदा स्वच्छ तथा सुलभ ढङ्गले खानेपानी सेवा उपलब्ध गराउन सरकार लागिपरेको स्पष्ट पार्नुभयो ।

जलस्रोतमा नेपाल धनी भए पनि त्यसको प्रचुर उपलब्धतालाई उपयोगमा ल्याउन नसकिरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “अब नागरिकले खानेपानी चाहियो भन्दै आन्दोलन गर्नु पर्दैन, सरकार खानेपानीको दिगो विकास लक्ष्य पूरा गर्न प्रतिबद्ध छ ।”

खानेपानी आयोजनामा उपभोक्तासहित सङ्घीय सरकारको करिब रु ५० करोड लगानी रहेको छ। यसमा उपभोक्ताको १० प्रतिशत र सरकारको ९० प्रतिशत लगानी छ । नवनिर्मित खानेपानी आयोजनाबाट दमक-२, ३ र ४ वडाका ६ हजार पाँच सय २१ घरधुरी गरी २६ हजार सात सय जनाले खानेपानीको सुविधा पाउने सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगरका निमित्त आयोजना प्रमुख सुरतलाल चौधरीले जानकारी दिनुभयो । सो आयोजना आर्थिक वर्ष २०७६/७७ मा निर्माण थालिएको हो । योसँगै दमकमा तीनवटा खानेपानी आयोजना सञ्चालनमा आउने उहाँको भनाइ थियो। यस खानेपानी आयोजनाले दमकको उत्तरी क्षेत्रका बासिन्दाको वर्षौंदेखि स्वच्छ खानेपानीको समस्या समाधान भएको बेलडाँगी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष गेहनाथ पोखेलले बताउनुभयो ।रासस

# विकास निर्माणका अधुरा कामलाई गति दिइन्छः प्रधानमन्त्री

झापा । प्रधानमन्त्री केपी शर्मा ओलीले झापाको दमक नगरपालिका-३, स्थित बेलडाँगी खानेपानी आयोजनाको उद्घाटन गर्नुभएको छ ।



दुई दिवसीय भ्रमणका क्रममा आइतबार गृहजिल्ला आउनुभएका प्रधानमन्त्री ओलीले सोमबार यहाँ खानेपानी आयोजनाको उद्घाटन गर्दै सन् २०३० सम्ममा सबै नेपालीलाई गुणस्तरीय खानेपानी उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।जनताले घरमै धारो खोलेर पानी खान पाउँदा आफूलाई आनन्द लाग्ने बताउँदै सम्पूर्ण देशवासीलाई गुणस्तरीय पानीको व्यवस्था गर्न आफ्नो नेतृत्वको सरकार क्रियाशील रहेको उहाँले बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष समेत रहनुभएका प्रधानमन्त्री ओलीले मुलुकका प्रमुख दुई ठूला दल मिलेर सरकार बनेपछि राजनीतिक स्थिरता र विकास निर्माण सुनिश्चित भएको प्रसङ्ग उल्लेख गर्दै विकास निर्माणका क्रममा लामो समयदेखि झेल्नुपरेका अवरोध र बाधाव्यवधान अन्त्य गरी अधुरा योजना तथा कार्यक्रम सम्पन्न गर्ने लक्ष्यका साथ सरकार अघि बढेको स्पष्ट गर्नुभयो ।

उहाँले देशव्यापी रूपमा बिजुली, कृषि, सञ्चार, उद्योग, सरसफाइलगायतका अभियान सञ्चालन गरी मुलुक र जनताका पक्षमा सकारात्मक परिणाम देखिने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । “देश बनाउन हामी सबै एकताबद्ध हुनुपर्छ । हामीले बाँदरले जस्तो आफ्नो घर नबनाउने र अरूको घर भत्काउने गरेमा देश बन्दैन”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “हामी विभिन्न पार्टीसँग आबद्ध हुन सक्छौँ तर विकास निर्माणका काममा एक हुनुपर्छ । यस क्षेत्रका जनताको प्रतिनिधि म फेरि प्रधानमन्त्री भएको छु, देशका लागि थप केही गर्छु, तपाईंहरुको पनि नाम विश्वमा राख्छु, यसमा ढुक्क भइदिन सबैसँग अनुरोध गर्दछु ।”

कुल रु ५० करोड सात लाख ९२ हजार लागतमा निर्मित सो खानेपानी आयोजनाबाट नगरपालिका-२, ३ र ४ का छ हजार पाँच सय २१ घरघुरीका २६ हजार सात सय ४३ जनसङ्ख्या लाभान्वित हुनेछन् । कार्यक्रममा आयोजनाका लागि जग्गा दिने स्थानीयवासीलाई सम्मान गरिएको थियो ।

सो अवसरमा प्रथम महिला राधिका शाक्य, नेकपा (एमाले) का उपाध्यक्ष युवराज ज्ञवाली, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की, सङ्घीय खानेपानीमन्त्री प्रदीप यादव, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिसहित स्थानीय जनताको उल्लेख्य उपस्थित थियो ।रासस

# सरकारको मुख्य उद्देश्य दिगो शान्ति, सुशासन र आर्थिक समृद्धि : गृहमन्त्री लेखक

कर्णाली । गृहमन्त्री रमेश लेखकले सरकारको मुख्य उद्देश्य दिगो शान्ति, सुशासन कायम गर्नु र आर्थिक समृद्धि रहेको बताउनुभएको छ ।



गृह मन्त्रालयद्वारा कर्णाली प्रदेशको राजधानी सुर्खेत, वीरेन्द्रनगरमा सोमबार आयोजित ‘कर्णाली प्रदेशस्तरीय सुरक्षा गोष्ठी’लाई सम्बोधन गर्दै गृहमन्त्री लेखकले भ्रष्टाचार तथा अपराध नियन्त्रण र विधिको शासन कायम गर्न लाग्नुपर्ने र ती कुरामा कुनैपनि सम्झौता नहुने जिकिर गर्नुभयो । उहाँले भन्नुभयो, “लोकतन्त्रमा अनुशासन र वितरण महत्वपूर्ण हुन्छ । अवसर, सम्भावना र अर्थ वितरण गर्दा जनतालाई सेवा प्रवाहमा सहजता दिन सक्नुपर्दछ ।”

औपचारिकता बढी भएर उपलब्धि कम भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले हरेक गतिविधि छोटो तथा परिणाममुखी बनाउन जोड दिनुभयो । उहाँले भन्नुभयो, “शान्ति, सुरक्षा र अपराध नियन्त्रणको समीक्षा गर्न जरुरी छ। हामी समस्याको समाधान गरी निष्कर्ष निकाल्ने पक्षमा छौँ ।”

सङ्घीय सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको सङ्घीय कानुन बनाउन थालेको तथा त्यसपश्चात् प्रहरी समायोजनको काम अगाडि बढ्ने गृहमन्त्री लेखकको भनाइ थियो । अहिले पनि कर्णाली प्रदेशका सुरक्षा निकायका संरचना प्रदेश बाहिर भएको उल्लेख गर्दै उहाँले स्थानीय तथा प्रदेश सरकारलाई जग्गाको व्यवस्था गर्न अनुरोध गर्नुभयो ।

उहाँले भन्नुभयो, “कर्णाली सबैभन्दा ठूलो, सुन्दर, ज्यादा सम्भावना र अवसर बोकेको प्रदेश हो । कर्णाली प्रदेशको शान्ति सुरक्षालाई थप सुदृढ, सक्रिय, स्पष्ट र प्रभावकारी बनाउने कुरामा आवश्यक काम गर्छौं ।” दुई ठूला शक्ति एक ठाउँमा उभिनु मुलुकको आवश्यकता भएको जिकिर गर्दै गृहमन्त्रीले लेखकले संविधानको भावना अनुसार सङ्घीयता कार्यान्वयन गर्न आवश्यक भएको बताउनुभयो ।

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले संविधानको भावना अनुसार सहअस्तित्व, सहकार्य र समन्वय कम भएको र यसको कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। तीन तहको सरकारको यात्रा सामूहिक म्याराथन दौड भएको उल्लेख गर्दै उहाँले संविधानले व्यवस्था गरेबमोजिमका अधिकारलाई सुनिश्चित गर्न सकेमात्र मुलुकले अपेक्षित लक्ष्य पूरा गर्ने बताउनुभयो ।

प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा गृह सचिव गोकर्णप्रसाद दुवाडी, कर्णाली प्रदेश सरकारका प्रमुख सचिव, सुरक्षा निकायका प्रमुखलगायतको सहभागिता रहेको छ ।रासस

# भ्रष्टाचार अन्त्यसहित सुशासनका पक्षमा समग्र राज्य एक हुनुपर्नेः उपप्रधानमन्त्री सिंह

पाटन । उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले प्रजातान्त्रिक संस्था र राज्यको प्रणालीलाई कमजोर बनाउने भ्रष्टाचार अन्त्यका लागि समग्र राज्य एक हुनुपर्ने बताउनुभएको छ ।

‘भोलिको सदाचार निर्माणः युवाहरूसँग भ्रष्टाचार विरुद्धको ऐक्यबद्धता’ भन्ने नाराका साथ भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा उपप्रधानमन्त्री सिंहले आवश्यक नीतिगत तथा कानुनी व्यवस्थासहित भ्रष्टाचार अन्त्यका पक्षमा वर्तमान सरकार क्रियाशील रहेका बताउनुभयो ।



“भ्रष्टाचार एउटा सङ्गठित अपराध हो, यसले घूसखोरी र आर्थिक अनुशासनलाई बढावा दिएर मुलुकको विकासलाई सुस्त बनाउँछ, निर्वाचन प्रणालीलाई प्रभावित गरी राजनीतिक अस्थिरता बढाउँछ, भ्रष्टाचार न्यूनीकरण तथा नियन्त्रणका पक्षमा राज्य निर्मम र कठोर हुनुपर्दछ भन्ने मान्यताका साथ सरकारले काम गरिरहेको छ ।”

उपप्रधानमन्त्री सिंहले भन्नुभयो, “सुशासनका लागि भ्रष्टाचार नियन्त्रण अनिवार्य सर्त हो, प्रविधिको विकाससँगै भ्रष्टाचारको स्वरुप पनि जटिल बन्दै गएको छ, राज्य अझ बढी सक्रिय हुन जरुरी छ, भ्रष्टाचारको अन्त्य गरी सुशासन सहितको सभ्य समाज निर्माणका लागि राज्य संयन्त्र अन्तर्गतका जिम्मेवार सबै अधिकारीहरु एक भई अघि बढ्नु पर्दछ ।”

संसद्को सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले महालेखा परीक्षकको वार्षिक प्रतिवेदनका आधारमा भ्रष्टाचारको विषय गम्भीर देखिएकाले त्यसको नियन्त्रणका लागि सम्बद्ध सबै एक हुनुपर्नेमा जोड दिनुभयो ।

राज्य संयन्त्र अन्तर्गतका महत्वपूर्ण निकायमा विचौलिया हाबी हुने गरेकाले सुशासन कायम हुन नसकेको उल्लेख गर्दै आवश्यक नियम कानुन तर्जुमा गरी भ्रष्टाचार अन्त्य गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले जुनसुकै संस्थाको पनि नेतृत्व गर्ने व्यक्ति इमानदार भयो भने सदाचार कायम हुने भएकाले त्यसतर्फ ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग सम्बन्धित दुई विधेयकमाथि छलफल गरी यथासक्य छिटो समितिमा आएका छन्। “भ्रष्टाचार विश्वव्यापी समस्या हो, भ्रष्टाचार अन्त्यका लागि सक्दो प्रयास गरेका छौं, अख्तियारसँग सम्बन्धित दुईवटा विधेयक समितिमा आएका छन्, ढिला नगरी छिट्टै पास गरी पठाउँछौं”, सभापति खतिवडाले भन्नुभयो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले सुशासन अभिवृद्धिका लागि निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले संसद्मा रहेका भ्रष्टाचार विरुद्धको ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनसम्बन्धी विधेयक यथासक्य छिटो पारित हुने विश्वास विश्वास व्यक्त गर्नुभयो । “अख्तियारले विकास र सुशासनका पक्षमा सुधारात्मक नीति लिएको छ, आयोगमा उजुरी पर्ने क्रम बढ्दो अवस्थामा छ, भ्रष्टाचार नियन्त्रण तथा रोकथाममा सार्वजनिक निकायहरु सबल र सक्षम हुनुपर्‍यो, भ्रष्टाचार न्यूनीकरणका लागि राज्यको तीनै तहले ध्यान दिनुपर्ने छ”, प्रमुख आयुक्त राईले भन्नुभयो ।

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालका अध्यक्ष मदनकृष्ण श्रेष्ठले भ्रष्टाचारसँग सम्बन्धित समस्या दिनानुदिन बढ्दै गएको भनी चिन्ता व्यक्त गर्दै भ्रष्टाचार अन्त्य र सुशासनका पक्षमा समग्र राज्य एक हुनुपर्नेमा जोड दिनुभयो। मुख्यसचिव एकनारायण अर्यालले भ्रष्टाचारजस्तो जघन्य अपराध कुनै एक राष्ट्रको सीमाभित्र मात्रै सीमित नहुने धारणा व्यक्त गर्दै भ्रष्टाचार नियन्त्रणका लागि सरकारी, सार्वजनिक, निजी क्षेत्रका साथै नागरिक समाजका बीच सहयोग र सहकार्य हुन आवश्यक रहेको बताउनुभयो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव फणीन्द्र गौतमले २००५ डिसेम्बर ५ देखि लागू भएको भ्रष्टाचार विरुद्धको कानुन हाल एक सय ९१ वटा राष्ट्रमा लागू भएको जानकारी दिँदै हरेक वर्षको डिसेम्बर ९ मा संसारभरि भ्रष्टाचार विरुद्धको आवाजलाई बुलन्द पार्न भ्रष्टाचार विरुद्धको दिवस मनाइने गरिएको बताउनुभयो।

सन् २००३ मा संयुक्त राष्ट्रसङ्घीय महासभाले आजको दिनलाई भ्रष्टाचार विरुद्धको दिवसका रुपमा मान्यता दिएको र नेपालले सन् २०११ मा सो महासन्धिलाई अनुमोदन गरेको सो अवसरमा बताइयो। रासस

# वन र वातावरण संरक्षणमा आममहिलाको भूमिका सराहनीय छः राज्यमन्त्री विक

काठमाण्डु । वन तथा वातावरण राज्यमन्त्री रुपा विकले वन र वातावरण संरक्षणमा आममहिलाको भूमिका सराहनीय रहेको बताउनुभएको छ ।



सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले लौङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानका सन्दर्भमा सोमबार आयोजना गरेको कार्यक्रममा उहाँले प्राकृतिक स्रोत, वन तथा वातावरणसँग महिलाहरूको प्रत्यक्ष सम्बन्ध रहेकाले यसलाई सँगै लिएर संरक्षणका काम गरिनुपर्नेमा उहाँले जोड दिनुभयो । “वन र वनपैदावारको उपयोगसँग महिलाको अन्योन्याश्रित सम्बन्ध रहेको छ । यसको क्षतिबाट हुने असरमा पनि महिला नै सबैभन्दा बढी प्रभावित हुने गरेका छन् । नेपालको सामुदायिक वनको अभियानमा उहाँहरूको योगदान अत्यन्त महत्वपूर्ण छ । नेपालले गरेको वन तथा वातावरणको प्रतिबद्धता पूरा गर्न मन्त्रालय महिला दिदिबहिनीहरूसँग मिलेर अगाडि बढ्छ”, राज्यमन्त्री विकले भन्नुभयो ।

वन तथा वातावरण क्षेत्रका कैयौँ कानुन समयसापेक्ष नभएकाले समस्या भइरहेको भन्दै उहाँले तिनलाई सुधार, संशोधनका लागि तयारी भएको जानकारी दिनुभयो । राज्यमन्त्री विकले कानुनी समस्याका कारण वन क्षेत्र, खोला तथा नदी किनारमा बसिरहेका अधिकांश दलित, विपन्न समुदाय समस्यामा परिरहेकाले वन र निकुञ्जसँग सम्बन्धित कानुन संशोधनका लागि पहल गरिने बताउनुभयो । “वनक्षेत्र, खोला नजिक प्रायः दलित, गरिब, विपन्न समुदायको बस्ती हुने र वन्यजन्तुले उहाँहरूलाई नै बढी दुःख दिने समस्याबारे गुनासा हामीले सुनिरहेका छौँ । बस्ती हटाउन या वन्यजन्तु नियन्त्रण गर्न दुवै कार्य चुनौतीपूर्ण छ । यद्यपि क्षतीपूर्तिको व्यवस्था हुने गरी कानुन आवश्यक देखेका छौँ । यस विषयमा बृहत् छलफल गरेर अगाडि बढ्छौँ”, उहाँले भन्नुभयो ।

महासङ्घका अध्यक्ष ठाकुर भण्डारीको अध्यक्षता सम्पन्न कार्यक्रमको सहजीकरण महासचिव पार्वता गौतमले गर्नुभएको थियो ।रासस

# जल-ऊर्जा-खाद्य समस्यालाई सम्बोधन गर्न विश्वव्यापी सहकार्य आवश्यकः ऊर्जामन्त्री खड्का

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का थाइल्याण्डको बैंककमा आयोजित अन्तर्राष्ट्रिय माटो तथा जल सम्मेलनमा सहभागी हुनुभएको छ।



संयुक्त राष्ट्र खाद्य एवं कृषि सङ्गठन (एफएओ) को आयोजनामा थाइल्याण्डको बैंककमा सोमबारदेखि सुरु भएकोसम्मेलनमा उहाँ सहभागी हुनुभएको हो । सम्मेलनमा सोमबार सम्बोधन गर्दै मन्त्री खड्काले पानीको अभाव व्यवस्थापन र माटोको क्षयीकरण रोक्दै दिगो कृषि र खाद्य प्रणालीको विकासमा उच्चस्तरीय कार्ययोजना आवश्यक रहेको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ।

ऊर्जा, जलस्रोत र सिँचाइ क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरलाई सम्बोधन गर्न सबै लाग्नुपर्नेमा जोड दिँदै ऊर्जामन्त्री खड्काले नेपालको अर्थतन्त्रको आधार कृषि भएकाले दिगो र लचिलो कृषि खाद्य प्रणाली सिर्जना गर्न विज्ञान, नवप्रवर्तन र नीतिलाई एकीकृत गर्न गरिने बताउनुभयो। नेपालले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य लिएको तर जलवायु परिवर्तनका असरले हिमाली क्षेत्र परेको असरले यो क्षेत्र नराम्ररी प्रभावित भइरहेको उहाँको भनाइ थियो।

मन्त्री खड्काले जल-ऊर्जा-खाद्य समस्याधलाई दिगो रूपमा सम्बोधन गर्न विश्वव्यापी सहकार्यका लागि आग्रहसमेत गर्नुभयो। उहाँले जलवायु सङ्कट र सामाजिक-आर्थिक चुनौतीको सामना गर्दै जलस्रोत व्यवस्थापनमा उत्कृष्ट अभ्यास र प्राविधिक प्रगति प्रवर्द्धन गर्न थप सहकार्य, ज्ञान र साझेदारी आवश्यक रहेको बताउनुभयो।

तीन दिनसम्म चल्ने उक्त सम्मेलनमा नेपाल, थाइल्याण्ड, आयसल्याण्ड, पाकिस्तान, कम्बोडिया, भुटान, चिली जापानलगायतका दुई दर्जनभन्दा बढी देशका मन्त्री तथा उच्चपदस्थ अधिकारीको सहभागिता रहेको छ ।रासस

# सिरियामा असदको सत्ता ढल्दा 'रुसको साखमा धक्का'

बीबीसी

काठमाण्डु । झन्डै एक दशकसम्म रुसबाट पाएको दह्रो समर्थनले बशर अल-असदलाई सत्तामा टिकाउन सघायो।तर विगत २४ घण्टामा विकसित अभूतपूर्व घटनाक्रमपछि अवस्था फेरिएको छ। दमास्कस विद्रोहीहरूको नियन्त्रणमा पुगेको छ। सिरियाली राष्ट्रपतिको सत्ता ढलेको छ र समाचारहरूका अनुसार उनी भागेर मस्को पुगेका छन्।

क्रेम्लिनको एउटा स्रोतलाई उद्धृत गर्दै रुसी समाचारसंस्था र सरकारी टेलिभिजन च्यानलहरूले रुसले असद र उनको परिवारलाई "मानवताका आधारमा" शरण प्रदान गरेको जनाएका छन्। मात्र केही दिनभित्रै क्रेम्लिनको सिरियामा "हात माथि रहेको" परिस्थिति एउटा नाटकीय मोडमा पुगेको छ र मस्को त्यसलाई नियन्त्रण गर्न विफल भएको छ।



**रूस के भन्छ**

एउटा विज्ञप्तिमा रुसको विदेश मन्त्रालयले मस्कोले "सिरियाको नाटकीय घटनाक्रमलाई ज्यादै चिन्तापूर्वक नियालिरहेको" जनाएको छ।

असदको सत्ता ढल्नु रुसको सम्मानमा धक्का लागेको अवस्था हो। सन् २०१५ मा राष्ट्रपति असदलाई समर्थन गर्न मस्कोले हजारौँ सैनिक सिरियामा पठाएको थियो। त्यसो गर्नुको एउटा उद्देश्य आफूलाई विश्वशक्तिका रूपमा प्रस्तुत गर्नु पनि थियो।पुरानो सोभियत वृत्तभन्दा पर रहेका देशमा भ्लादिमिर पुटिनले चालेको त्यस्तो कदमलाई शक्ति र पश्चिमा प्रभुत्वमाथि उनले पहिलो पटक ठूलो चुनौती दिएको अर्थमा हेरिएको थियो। अनि त्यो सफल भएको जस्तो देखिन्थ्यो । सन् २०१७ मा राष्ट्रपति पुटिनले सिरियामा अवस्थित रुसको हिमेमिम हवाई शिविरको भ्रमण गरेका थिए र आफ्नो उद्देश्य सफल भएको घोषणा गरेका थिए।

नियमित रूपमा रुसी हवाई हमलाका कारण गैरसैनिक नागरिकहरू हताहत हुन थालेको विवरण आएको भए पनि रुसी रक्षा मन्त्रालयमा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूलाई सिरिया पुर्‍याएर रुसी सैनिक कारबाही प्रत्यक्ष रूपमा देखाउन सक्ने आत्मविश्वास देखिन्थ्यो।

एउटा त्यस्तै भ्रमणमा एक सैनिक अधिकारीले मसँग रुस सिरियामा "लामो समयसम्म" रहने बताएका थिए।तर त्यहाँ रुसको उपस्थितिको अर्थ साख मात्रै थिएन। सैन्य सहयोगको बदलामा सिरियाली अधिकारीहरूले रुसलाई ४९ वर्षका लागि हिमेमिम हवाई अड्डा र टार्टसमा रहेको जलसेनाको शिविरको जिम्मा दिएका पनि थिए।त्यसो हुँदा रुसले भूमध्यसागरको पूर्वी भागमा महत्त्वपूर्ण नियन्त्रण कायम गर्न सकेको थियो। ती शिविरहरू अफ्रिकामा सैनिक सामग्री आयातनिर्यात गर्न महत्त्वपूर्ण केन्द्र बन्न पुगे। अहिले मस्कोको लागि मुख्य प्रश्न भनेको अब ती रुसी शिविरमा के हुन्छ भन्ने हो।

असद मस्को आइपुगेको जानकारी दिने क्रममा रुसी अधिकारीहरूले उनीहरू "सिरियाली सशस्त्र विपक्ष" का प्रतिनिधिसँगको संवादमा रहेको पनि उल्लेख गरेका छन्।सरकारी टेलिभिजन च्यानलका प्रस्तोताले विपक्षी नेताहरूले रुसी सैनिक शिविरहरूको सुरक्षा र सिरियाली भूभागभित्र रहेका कूटनीतिक नियोगहरूको सुरक्षाको ग्यारेन्टी गरेको जनाएका थिए। रुसी विदेश मन्त्रालयले सिरियामा रहेका शिविरहरूलाई "उच्च सर्तकर्तामा" राखिएको बताउँदै "अहिलेको परिस्थितिमा तिनलाई कुनै गम्भीर जोखिम नरहे" दाबी गरेको छ।

बशर अल-असद मध्यपूर्वमा रुसका सबैभन्दा प्रमुख समर्थक थिए। क्रेम्लिनले उनीमाथि ठूलो लगानी गरेको थियो। रुसी अधिकारीहरूले उनको बहिर्गमनलाई मस्कोमाथि धक्का नलागेको अर्थका रूपमा प्रस्तुत गर्न सङ्घर्ष गर्नुपर्ने छ। उनीहरूले प्रयास गरिरहेका छन् र दोषी कसलाई देखाउने खोजी रहेका छन्।

**दोष कसको**

आइतवार राति रुसको सरकारी टेलिभिजनको एउटा प्रमुख साप्ताहिक समाचार कार्यक्रममा सिरियाको सेनाको आलोचना गरियो। विद्रोहीको प्रतिकारमा नलडेको आरोप उसमाथि लगाइएको थियो। "सिरियाली अधिकारीहरूका लागि परिस्थिति झन् नाटकीय बन्दै गइरहेको सबै जनाले देखेका थिए," कार्यक्रम प्रस्तोता योभ्गेनी किस्लेभले भने।

"तर उदाहरणका लागि, अलेपोमा युद्ध नै नगरी (सैनिकहरूले) आफ्नो ठाउँ छाडे। (सरकारी सैनिकहरू) हातहतियारले बढी सुसज्जित र सङ्ख्यामा धेरै भए पनि एकपछि अर्को किल्लाहरूमा आत्मसमर्पण गरियो र पराजय निम्तियो। यो रहस्यमयपूर्ण छ।" ती प्रस्तोताले रुसले सिरियाका विभिन्न पक्षबीच सदैव "मेलमिलाप चाहेको" उल्लेख गरेका थिए। उनले एउटा मुख्य बुँदा पनि समावेश गरे।

"वास्तवमा हामी सिरियामा के भइरहेको छ भन्ने कुरामा उदासीन होइनौँ। तर हाम्रो प्राथमिकता रुसको आफ्नै सुरक्षा हो - विशेष सैन्य कारबाही भइरहेका क्षेत्र (युक्रेनसँगको रुसी युद्ध) मा के भइरहेको छ," उनले भने। त्यो रुसी सर्वसाधारणहरूका लागि सन्देश थियो।नौ वर्षसम्म बशर अल-असदलाई शक्तिमा राख्न ठूलो स्रोत खन्याएपछि रुसले आफ्ना नागरिकहरूलाई आफूले त्योभन्दा महत्त्वपूर्ण विषयमा चिन्ता गर्नुपर्ने अवस्था रहेको स्पष्टसँग बताएको छ।

# सिरियामा 'राजनीतिक समाधान' खोज्न 'सम्बन्धित पक्ष'लाई चीनको आग्रह

एएफपी

बेइजिङ । चीनको विदेश मन्त्रालयले इस्लामिक नेतृत्वको विद्रोहीले दमास्कसमा कब्जा जमाएको र बशर अल असदको दशकौं लामो शासनको अन्त्य गरेपछि सिरियाका राजनीतिक समाधान खोज्न 'सबै सम्बन्धित पक्षलाई' आग्रह गरेको छ ।



बेइजिङले हालैका वर्षहरूमा सिरियासँगको सम्बन्धलाई मजबुत बनाएको छ र असदले सन् २०११ मा गृहयुद्ध सुरु भएयता मध्यपूर्व बाहिर दुर्लभ राजकीय भ्रमणका क्रममा गत वर्ष चीनको भ्रमण गर्नुभएको थियो ।

सोमबार उहाँलाई पदच्युत गरिएकोबारे सोधिएको प्रश्नमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले बेइजिङले 'सिरियाको घटनाक्रमलाई नजिकबाट नियालिरहेको' बताउनुभयो । "हामी आशा गर्दछौँ, सम्बन्धित सबै पक्षहरू सिरियाली जनताको आधारभूत हितका आधारमा अगाडि बढ्नेछन् र देशमा स्थिरता कायम गर्न यथाशीघ्र राजनीतिक समाधान खोज्नेछन्," माओ निङले नियमित पत्रकार सम्मेलनमा भन्नुभयो ।

आफ्नो परिवारसहित रूस भागेका असदसँग चीन सम्पर्कमा छ कि छैन भन्ने प्रश्नको माओले प्रत्यक्ष जवाफ दिनुभएन ।

सन् २०२३ को चीन भ्रमणका क्रममा असद र चिनियाँ राष्ट्रपति सी चिनफिङले दुई देशबीच 'रणनीतिक साझेदारी' को घोषणा गरेका थिए ।सिरियाको दमास्कसस्थित चिनियाँ दूतावासले बिहीबार चिनियाँ नागरिकलाई 'जतिसक्दो चाँडो' सिरिया छाड्न सुझाव दिएको छ ।

सिरियाको विदेश मन्त्रालयले आइतबार सिरियाका नयाँ शासकलाई 'चिनियाँ संस्था र कर्मचारीको सुरक्षा सुनिश्चित गर्न व्यावहारिक कदम चाल्न' आग्रह गरेको छ ।

# एनपिएल : अपराजित रहँदै जनकपुर बोल्ट्स शीर्ष स्थानमा




काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) मा आइतबारसम्म १५ खेल सम्पन्न भएका छन् । यही मङ्सिर २० गतेदेखि सुरु भएको एनपिएलमा जनकपुर बोल्ट्स आफ्ना सबै खेलमा विजयी हुँदै अङ्क तालिकामा शीर्ष स्थानमा रहेको छ । उसले चार खेलबाट आठ अङ्क जोडेको छ ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा जारी एनपिएलमा हालसम्मको खेल प्रदर्शनका आधारमा सबैभन्दा बलियो जनकपुर बोल्ट्स देखिएको छ । जनकपुर बोल्टस्ले उद्घाटन खेलमै विराटनगर किङ्ग्सलाई आठ विकेटले पराजित गरेको थियो । दोस्रो खेलमा कर्णाली याक्सलाई आठ विकेटले नै हराएको थियो । तेस्रो खेलमा पोखरा एभेन्जर्सलाई सात विकेटले हराएको जनकपुरले चौथो खेलमा लुम्बिनी लायन्सलाई एक रनले पराजित गर्दै जितको यात्रालाई कायमै राखेको छ ।

यसैगरी जारी एनपिएलमा चार खेल खेलेको सुदूरपश्चिम रोयल्स तीनमा जित तथा एउटा खेलमा हारका साथ दोस्रो स्थानमा छ । यसले चार खेलबाट ६ अङ्क जोडेको छ । सुदूरपश्चिम रोयल्सले पहिलो खेलमा विराटनगरलाई ९० रनले, दोस्रो खेलमा काठमाडौँ गुर्खाजलाई ७३ रनले तथा तेस्रो खेलमा लुम्बिनी लायन्सलाई ४५ रनले पराजित गरेको थियो । चौथो खेलमा भने सुदूरपश्चिम रोयल्स चितवन राइनोजसँग ३३ रनले हारेको थियो ।

यस्तै चितवन राइनोज अङ्क तालिकाको तेस्रो स्थानमा छ । उसले हालसम्म चार खेल खेलेको छ । तीनमा जित र एउटामा हार बेहोरेको चितवन राइनोजको ६ अङ्क छ । चितवन राइनोजले पहिलो खेलमा काठमाडौँ गुर्खाजलाई पाँच विकेटले तथा दोस्रो खेलमा पोखरा एभेन्जर्सलाई ८७ रनले हराएको थियो । तेस्रो खेलमा कर्णाली याक्ससँग ६ विकेटले हारेको चितवन राइनोजले चौथो खेलमा सुदूरपश्चिम रोयल्सलाई ३३ रनले हराएको थियो ।

कर्णाली याक्सले मध्यम प्रदर्शन गरेको छ । कर्णाली याक्सले चार खेलमा दुईमा जित र दुईमा हार बेहोर्दै चार अङ्क जोडेको छ । कर्णाली चौथो स्थानमा छ । कर्णाली पहिलो खेलमा जनकपुरसँग आठ विकेटले र दोस्रो खेलमा काठमाडौँ गुर्खाजसँग तीन विकेटले हारेको थियो । कर्णालीले तेस्रो खेलमा चितवनलाई ६ विकेटले तथा चौथो खेलमा विराटनगरलाई सात रनले हराएको थियो ।

पोखरा एभेन्जर्स दुई अङ्कसहित पाँचौँ स्थानमा छ । उसले तीन खेलमा एकमा जित दुईमा बेहोरेको छ। पोखरा पहिलो खेलमा चितवनसँग ८७ रनले र दोस्रो खेलमा जनकपुरसँग सात विकेटले पराजित भएको थियो । तेस्रो खेलमा पोखराले लुम्बिनी लायन्सलाई १० विकेटले हराएको थियो ।

काठमाडौँ गुर्खाज दुई अङ्कसहित छैटौँ स्थानमा छ । काठमाडौँ पहिलो खेलमा चितवनसँग पाँच विकेटले हारेको थियो । दोस्रो खेलमा कर्णालीलाई तीन विकेटले हराएको काठमाडौँ तेस्रो खेलमा सुदूरपश्चिमसँग ७२ रनले पराजित भएको थियो ।

विराटनगर किङ्स दुई अङ्कका साथ सातौँ स्थानमा छ । विराटनगरले तीन खेलमा हार तथा एउटामा मात्र जित निकालेको थियो । पहिलो खेलमा विराटनगर जनकपुरसँग आठ विकेटले हारेको थियो । दोस्रो खेलमा सुदूरपश्चिमसँग ९० रनले हारेको विराटनगरले तेस्रो खेलमा भने लुम्बिनीलाई दुई विकेटले पराजित गरेको थियो । चौथो खेलमा विराटनगर कर्णालीसँग सात रनले हारेको थियो ।

लुम्बिनी लायन्स चारवटै हेलमा हार बेहोर्दै अङ्क तालिकाको पुछारमा छ । लुम्बिनी पहिलो खेलमा विराटनगरसँग दुई विकेटले, दोस्रो खेलमा पोखरासँग १० विकेटले, तेस्रो खेलमा सुदूरपश्चिमसँग ४५ रनले तथा चौथो खेलमा जनकपुरसँग एक रनले पराजित भएको थियो ।मङ्गलबार एनपिएलमा दुई खेल हुनेछन् । पहिलो खेलमा चितवन राइनोज र लुम्बिनी लायन्सबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेल कर्णाली याक्स र पोखरा एभेन्जर्सबीच खेल हुने छ ।रासस

# दक्षिण कोरियाली राष्ट्रपतिमाथि यात्रा प्रतिबन्ध

एएफपी

सियोल । दक्षिण कोरियाली राष्ट्रपतिमाथि सोमबार यात्रा प्रतिबन्ध लगाइएको छ ।दक्षिण कोरियाको न्याय मन्त्रालयले राष्ट्रपति युन सुक योललाई सैनिक शासनको घोषणा गरेको आरोपमा युनले घोषणाका क्रममा भन्नुभएको थियो । उहाँको घोषणा कोरियाली जनताको विरोधका सामु लामो समय टिकेन र 'मार्शल ल' लागु भएको घोषणा भएको केही घण्टा पछि उहाँले आफ्नो निर्णय फिर्ता लिनुभएको थियो ।



प्रहरीले अनुसन्धान गरिरहेको भन्दै यात्रा प्रतिबन्ध लगाएको जनाएको हो ।संसदीय सुनुवाइमा एक सांसदले मङ्गलबार सैनिक शासन घोषणा गरेर विद्रोहको नेतृत्व गरेको आरोप लागेका युनलाई देश छोड्न प्रतिबन्ध लगाइएको हो भनी गरिएको प्रश्नमा न्याय मन्त्रालयका अध्यागमन सेवा आयुक्त बे साङ-अपले भन्नुभयो, "हो, यो सही हो ।"

"उत्तर कोरियाली कम्युनिस्ट शक्तिले निम्त्याएको खतराबाट जोगाउन र जनताको स्वतन्त्रता र सुखलाई लुट्ने राज्यविरोधी तत्वलाई समाप्त पार्न नागरिक शासन निलम्बन गरिएको हो,"

राष्ट्रपतिको घोषणासँगै सेनाप्रमुख जनरल पार्क आन-सुको आदेशमा राजनीतिक गतिविधि र पार्टी, 'गलत प्रचार', हडताल र 'सामाजिक अशान्ति भड्काउने जमघट' माथि प्रतिबन्ध लगाइएको थियो । घोषणाको जिम्मेवारी लिँदै रक्षामन्त्री किम योन ह्युनले पदबाट राजिनामा दिनुभएको थियो भने उहाँलाई अनुसन्धानका लागि पक्राउ गरिएको छ । घटनामा दोषी रहेको आरोपमा तीन जना सैनिक जनरललाई पनि निलम्बनपछि अनुसन्धान थालिएको छ ।

# सामाजिक सञ्जालमा उमेर ढाँट्छन् बालबालिका, त्यसले पछि के असर गर्छ

बीबीसी

काठमाण्डु । तपाईँले फेसबुक, टिकटक, स्न्यापच्याट, यूट्यूब वा इन्स्टाग्रामजस्ता सामाजिक सञ्जालमा उमेर नपुगेका बालबालिकाको उमेर बढाएर खाता खोलिदिनुभएको छ?त्यसो नभए पनि तपाईँले पक्कै आफूले चिनेका बालबालिका वा किशोरकिशोरीको सामाजिक सञ्जालमा खाता देख्नुभएको होला।

तर कानुनअनुसार ती कतिपय बालबालिकाको त्यस्तो खाता खोल्न उमेर पुगेकै हुँदैन। नेपालसहितका देशमा यी माथि उल्लेखित सामाजिक सञ्जालहरूमा खाता खोल्नका लागि कम्तीमा १३ वर्षको उमेर हुनुपर्छ। नेपालमा पनि धेरैले सामाजिक सञ्जालमा साना बालबालिकाको खाता खोलिदिएका छन्। बालबालिकाको उमेर नढाँटी त्यो सम्भव हुँदैन तर सामाजिक सञ्जालहरूले उमेर पुष्टि हुने प्रमाण वा आधार खोज्दैनन्। यसले गर्दा बालबालिकाहरू अनलाइनका हानिकारक सामग्रीहरूमा पुग्ने गरेको र त्यसले असर गरेको भन्दै विश्वव्यापी रूपमा चिन्ता व्यक्त भएको पाइन्छ।

त्यसको नियमनका लागि विश्वका कतिपय देशमा कानुनहरू बन्ने क्रममा छन् भने सामाजिक सञ्जालहरूलाई पनि त्यसबारे निरन्तर सचेत गराउने काम भइरहेका विवरण छन्। नेपालमा धेरै बालबालिकाले १३ वर्षभन्दा कम उमेरमै सामाजिक सञ्जालमा खाता खोलिएको पाइन्छ। ती खातामा उनीहरूले निरन्तर तस्बिरतथा भिडिओ राख्ने गरेको पाइन्छ।

स्वयं आमाबुवाले नै त्यसरी खाता खोलिदिने र उनीहरूका तस्बिरहरू राखिदिने गरेको पाइएको बालमनोविद् पुष्पा अधिकारी बताउँछिन्।"अहिले त बच्चालाई 'पपुलर' बनाउनका लागि पनि आमाबुवाले आफैँ अकाउन्ट खोलिदिने गर्नुहुन्छ। त्यो 'पपुल्यारिटी' हेर्ने कि बच्चाको स्वास्थ्य हेर्ने वा बालबालिकालाई भोलि कस्तो असर गर्छ त्यो हेर्ने?," उनले भनिन्।

मोबाइल तथा अन्य उपकरणमा बालबालिकाको पहुँचलाई सीमित राख्ने प्रणालीहरू उपलब्ध भइसकेका कारण कति समय प्रयोग गर्न दिने र दिँदा कस्तो सामाग्री हेरिरहेका छन् त्यसमा ध्यान दिनुपर्ने उनी बताउँछिन्।"उनीहरूलाई मोबाइलमा कस्तो एप मात्रै हेर्न दिने र कति समयका लागि हेर्न दिने भन्ने 'सेटिङ' गर्न मिल्छ। त्यसमा अभिभावकले ध्यान दिनुपर्छ," मनोविद् अधिकारीले भनिन्। नेपालमा केही 'सेलेब्रटी'हरूले समेत आफ्ना उमेर नपुगेका सन्तानहरूको सामाजिक सञ्जालमा खाता खोलिदिएका छन्।



बालबालिका झर्किने, कोठामा एक्लै बस्ने, पढ्नमा ध्यान नदिने जस्ता समस्या लिएर अभिभावक आउने र त्यस्था अधिकांश बालबालिकाहरू विद्यालयबाट फर्किएपछि तीनचार घण्टा मोबाइलमा सामाजिक सञ्जालहरू हेर्ने गरेको पाइएको अनुभव उनी सुनाउँछिन्।त्यसमा पनि किशोरीहरूले त आत्महत्यासमेत गरेका घटनाहरू आएको उनी बताउँछिन्।

"अहिले अत्यधिक 'साइबर क्राइम'का घटना देखिन्छन्, जसमा खास गरी किशोरीहरूको सामाजिक खाता दुरुपयोग भएको अनि यसले गर्दा आत्महत्याहरू नै गरेको पनि भेटिएको छ।"यस्तो अवस्थामा सुरुमा घरभित्रै आमाबुवा र अभिभावकहरू सचेत हुनुपर्ने र त्यसपछि यसको नियमनका लागि सरकारले पनि ध्यान दिन उनी सुझाउँछिन्। 'अफकम' नामक यूकेको नियामक निकायले सामाजिक सञ्जालमा बालबालिकाहरूले वयस्क भएको बताइरहेको विषयलाई सम्बोधन नगरे त्यस्ता कम्पनीहरूमाथि कारबाही हुने चेतावनी दिएको छ।

हालै सार्वजनिक भएको एउटा नयाँ सर्वेक्षणले ८ देखि १७ वर्षका करिब २२ प्रतिशत बालबालिकाले सामाजिक सञ्जालका एपहरूमा आफ्नो उमेर १८ वर्ष वा त्योभन्दा माथि राखेको अनुमान गरेको छ।अफकमले बालबालिकाले सजिलै उमेर ढाँट्न सक्दा त्यसले उनीहरूको अनलाइनमा उपलब्ध हुने हानिकारक सामाग्रीमा पहुँच पुग्ने खतरा बढेको जनाएको छ।

"बालबालिकाको उमेर अनलाइनमा थाहा पाउनका लागि सामाजिक सञ्जालहरूले धेरै गर्नुपर्ने छ," बीबीसीसँग बोल्दै अफकमका 'मार्केट इन्टेलिजन्स'का निर्देशक इयान मक्रेईले बीबीसीलाई भने। केही प्रविधि कम्पनीहरूले बालबालिकाका लागि सामाजिक सञ्जाल सुरक्षित बनाउनका लागि उपायहरू घोषणा गरेका छन्। उदाहरणका लागि इन्स्टाग्रामले किशोरकिशोरीका लागि "टीन अकाउन्ट" ल्याउन लागेको छ। ग्लास्गोस्थित रोशल अक्याडमीमा किशोरकिशोरीको एउटा समूहसँग बीबीसीले कुरा गर्दा उनीहरू सबैले सामाजिक सञ्जालमा आफूहरूले वयस्क भनेर उमेर राखेको बताए।

"आफ्नो उमेर ढाँट्न एकदमै सजिलो छ," १५ वर्षे एक किशोरीले भनिन्।"मैले आफू जन्मिएको दिन र महिना ठ्याक्कै त्यही राखेँ, तर जब वर्ष लेख्ने बेला आयो, अनि मैले 'कर्सर' घुमाउँदै १० वर्षमाथि उमेर राखेँ," उनले भनिन्।"त्यहाँ केही कुरा पुष्टि गर्नुपर्दैन। परिचयपत्रको माग पनि गरिँदैन र त्यहाँ केही पनि सोधिँदैन," अर्की किशोरीले भनिन्। बीबीसी न्यूज आफैँले नयाँ इमेल ठेगाना बनाएर थुप्रै सामाजिक सञ्जालमा खाता खोल्दा त्यहाँ केही पनि माग गरिएन।अठार वर्षभन्दा माथि उमेर राख्नेबित्तिकै प्रमाण नमागी दर्ता गरिन्छ।अफकमले यसलाई अबका महिनाहरूमा परिवर्तन गर्नुपर्ने जनाएको छ।"बालबालिकाको उमेरबारे स्वघोषणा गर्नु स्पष्ट रूपमा अपर्याप्त छ," मक्रेईले भने।

**उमेरको निश्चितता पुष्टि गर्न दबाव**

अनलाइन उपलब्ध हुने हानिकारक सामग्रीहरूमा बालबालिकाको पहुँच हुँदा त्यसले केही किशोरकिशोरीहरूको मृत्युसमेत भएका घटनाबारे गहिरो चिन्ता व्यक्त भएका छन्।

यसै कारण यूकेमा यसअघिको सरकारले अनलाइन सुरक्षा ऐन (ओएसए) पारित गरेको छ। त्यसअनुसार सन् २०२५ को जुलाई महिनाबाट सामाजिक सञ्जालहरूले अफकमले भनेको "उमेर निश्चित गर्ने अतिप्रभावकारी संयन्त्र" लागु गर्नु पर्नेछ।यूकेमा बालबालिका र किशोरकिशोरीका लागि बनेका चर्चित केही सामाजिक सञ्जालहरूसँग उनीहरूको प्रतिक्रिया लिन बीबीसीले प्रयास गरेको थियो।

"कम उमेरको भन्ने शङ्का लागेपछि हामी दैनिक हजारौँ त्यसता खाता हटाउँछौँ," एउटा विज्ञप्तिमा टिकटकले भनेको छ। "कसरी 'मशीन लर्निङ टेक्नोलोजी'ले यी प्रयासहरूलाई सुधार गर्न सक्छ र किशोरकिशोरी तथा बालबालिकाको सुरक्षा र सम्मानको अधिकारका लागि उमेरको आश्वासनका प्रत्याभूतिका लागि काम गर्न सकिन्छ भनेर हामीले हेरिरहेका छौँ," त्यसमा भनिएको छ ।

# प्याजमा आत्मनिर्भर हुन विदुरमा 'प्याज पकेट' कार्यक्रम

त्रिशूली । नुवाकोटको विदुर नगरपालिकाले प्याजमा आत्मनिर्भर बनाउन 'प्याज पकेट' कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

विगतका वर्षमा परीक्षणको सुरु गरेको यस कार्यक्रमलाई चालु आर्थिक वर्षदेखि वडा नं ७ मा व्यावसायिक उत्पादन गरी नगरलाई प्याजमा आत्मनिर्भर बनाउने लक्ष्य लिएको नगरप्रमुख राजन श्रेष्ठले क्षेत्रका किसानलाई आवश्यक पर्ने उन्नत जातका बिरुवाका लागि नगरपालिकाले अनुदानमा बीउ उपलब्ध गराएको छ", नगरप्रमुख श्रेष्ठले भन्नुभयो,"दुईवटा कृषि सहकारीलाई उन्नत जात (रेड क्रियोल)को बीउबाट बिरुवा उत्पादन गरेर पकेट क्षेत्रका किसानलाई सहुलियत शुल्कमा वितरणको प्रबन्ध मिलाएका छौँ ।"



जानकारी दिनुभयो ।

उहाँले पालिकालाई आत्मनिर्भर बनाउँदै किसानको आर्थिक उपार्जन वृद्धिमा समेत सहयोग पुऱ्याउन 'प्याज पकेट' कार्यक्रमलाई गौरवको योजनाका रूपमा सञ्चालन गरिएको बताउनुभयो । "प्याज पकेट

विगतका परीक्षणका रूपमा सञ्चालन गरिएको कार्यक्रम प्रभावकारी बन्नुका साथै स्थानीय किसानको आयआर्जन वृद्धिमा सहयोग पुऱ्याउन थालेपछि प्याजको व्यावसायिक उत्पादनलाई जोड दिइएको पालिकाको कृषि शाखाले जनाएको छ । रासस

# किबीभन्दा अलैँचीबाट नै फाइदा

मङ्गलबारे । 'अब यो किबी उखेलेर अलैँची नै लगाउने हो' मकै बारी मासेर किबी लगाएका किसान विनोद खतिवडाले भन्नुभयो ।

करिब सातदेखि १० वटा किबीका झाङ अटाउने जग्गामा एक मन अलैँची फल्ने भन्दै उहाँले किबीभन्दा अलैँचीबाट नै दशौँ गुणा फाइदा हुने बताउनुभयो । सुरुमा मकै छर्ने टार बारीमा हाल करिब २० बोट रोप्नुभएको छ ।

किबी र अलैँची तुलना गर्दै उहाँ भन्नुहुन्छ, "ऊ बेला किबी लगाएको ठाउँमा अलैँची लगाएको भए दुई मन माथि फल्ने थियो, ऐलेको भाउमा पनि दुई लाख माथि नै हुन्थ्यो ।"

करिब २० बोट किबीबाट पाँच हजारको पनि आम्दानी नभएको उहाँको भनाइ छ। इलाम सन्दकपुर गाउँपालिकाका किसान विनोद खतिवडाले मात्र होइन, सो क्षेत्रका अधिकांश किसानले बारीमा किबी लगाएका छन् । अलैँची बराबरको मूल्य अन्य खेतीबाट हुन नसक्ने किसान बताउँछन् ।

अहिले राम्रो गुणस्तरीय किबी प्रतिकिलो एक सयदेखि डेढ सयसम्ममा बिक्री भइरहेको छ तर अलैँची प्रतिकिलो दुई हजार आठ सय माथिले बिक्री भइरहेको छ। अलैँचीको मूल्य हाल रु एक लाख १५ हजारसम्मले कारोबार भइरहेको



छ। कुनै बेला प्रतिकिलो छ सय माथिले कारोबार भएको किबी हाल बिक्नसमेत समस्या भइरहेको किसानहरुको भनाइ छ। बिक्री भएको किबी समेत कम मूल्यमा गइरहेको किसान बताउँछन् ।

किबीमा जुन लागत छ सो अनुसारको आम्दानी नहुने गरेको उनीहरु बताउँछन् । किबीको बजारीकरणमा समस्या रहेको किसान ठाकुर खतिवडाको भनाइ छ । किसान आफैँले बजारीकरण गर्नुपर्ने, मूल्य समेत आलु बराबर मात्र पाइने गरेको उहाँले बताउनुभयो ।

सुरुमा किबी गर्ने किसानहरुले बिरुवा र दानाबाट राम्रो आम्दानी गरेको भए पनि हाल सो मूल्य कायम हुन नसक्दा किसानमा निराशा पैदा भएको छ । सोचेजस्तो आम्दानी नभएको किसान रुद्र खतिवडाले बताउनुभयो ।

किबीलाई फलफूलको राजा समेत उपनाम दिइएको छ। एउटै किबीबाट धेरैवटा फलफूलमा पाइने भिटामिन र स्वाद हुने भएकाले यसलाई उच्च गुणस्तरको फलका रुपमा लिइन्छ ।

तर बजारीकरणमा सरकार तथा सम्बन्धित निकायले चासो नदिएको किसानहरुको आरोप छ ।

धेरै पौष्टिक तत्वले भरिपूर्ण मानिएको किबी फल इलामसहित काभ्रे, पाँचथर, सङ्खुवासभालगायत जिल्लामा समेत खेती हुँदै आएको छ । पश्चिमी जिल्लाहरुमा समेत पछिल्लो समय इलामबाट नै बिरुवा जान थालेको छ । किबी फलको खेती तथा उपभोग दर विस्तार हुँदै गएको पाइन्छ ।

यस फलको बोट रोप्दा नै भाले र पोथी प्रजाति पहिचान गरी सँगसँगै रोप्नु पर्दछ । भालेपोथीको परागशेचन नभएमा यसको उत्पादन हुँदैन । भमरा, माहुरीलगायतले फूलमा भएको रस चुस्ने क्रममा यसको परागशेचन हुने गरेको छ । यसलाई हाँगा (डाँठ) र दिउलबाट पनि थप बिरुवा उत्पादन गर्ने गरिएको छ । रोपेको चौथो वर्षदेखि नै किबी फलको आम्दानी लिन सकिन्छ ।

पहाडी भूभागमा यसको उत्पादन राम्रो हुन्छ । सामुन्द्रीक सहतदेखि एक हजार दुई सय मिटरदेखि माथि दुई हजार चार सय मिटरसम्मको उचाइमा किबी फलको खेती गर्न सकिने बताइएको छ । यसलाई हाँगा (डाँठ) र दिउलबाट पनि थप बिरुवा उत्पादन गर्ने गरिएको छ । रोपेको चौथो वर्षदेखि नै किबी फलको आम्दानी लिन सकिन्छ ।

पहाडी भूभागमा यसको उत्पादन राम्रो हुन्छ । सामुन्द्रीक सहतदेखि एक हजार दुई सय मिटरदेखि माथि दुई हजार चार सय मिटरसम्मको उचाइमा किबी फलको खेती गर्न सकिने बताइएको छ ।

इलाममा करिब कुल सात सय ८० हेक्टरमा किबीखेती हुने गरेको कृषि ज्ञान केन्द्र इलामका सूचना अधिकारी तथा कृषि प्रसार अधिकृत जीवन ठाडा मगरले बताउनुभयो ।

अघिल्लो वर्ष दुई हजार आठ सय ५२ मेट्रिकटन किबी उत्पादन भएको उहाँले जानकारी दिनुभयो । किबीलाई प्रशोधन गरेर जुस, जाम समेत बनाउन सकिन्छ । जुस, जाम वा अचार बनाउन समेत पहल गर्ने हो भने किबीलाई पुरानो मूल्यमा फर्काउन सकिने किसानहरुको भनाइ छ ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले सोमबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर एक सय ३५ रूपैयाँ २१ पैसा र बिक्रीदर एक सय ३५ रूपैयाँ ८१ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर एक सय ४२ रूपैयाँ ९१ पैसा र बिक्रीदर एक सय ४३ रूपैयाँ ५४ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७२ रूपैयाँ ३० र बिक्रीदर एक सय ७३ रूपैयाँ ०७ पैसा, स्वीस फ्रयाङ्क एकको खरिदर एक सय ५३ रूपैयाँ ८८ पैसा र बिक्रीदर एक सय ५४ रूपैयाँ ५६ पैसा कायम गरिएको छ ।

केन्द्रीय बैंकले अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ३९ पैसा र बिक्रीदर ८६ रूपैयाँ ७८पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रूपैयाँ ५० पैसा र बिक्रीदर ९५ रूपैयाँ ९२ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रूपैयाँ ७३ पैसा र बिक्रीदर एक सय एक रूपैयाँ १८ पैसा निर्धारण गरेको छ। जापानी येन १० को




खरिददर नौ रूपैयाँ ०१ पैसा र बिक्रीदर नौ रूपैयाँ ०५ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ५९ पैसा र बिक्रीदर १८ रूपैयाँ ६८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रूपैयाँ ९९ पैसा र बिक्रीदर ३६ रूपैयाँ १५ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ नौ पैसा र बिक्रीदर ३७ रूपैयाँ २५ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रूपैयाँ ९७ पैसा र बिक्रीदर तीन रूपैयाँ ९८ पैसा, युएई दिराम एकको खरिददर ३६ रूपैयाँ ८१ पैसा र बिक्रीदर ३६ रूपैयाँ ९८ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रूपैयाँ ५९ पैसा र बिक्रीदर ३० रूपैयाँ ७३ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रूपैयाँ ४९ पैसा र बिक्रीदर नौ रूपैयाँ ५३ पैसा, स्विडीस क्रोनर एकको खरिददर १२ रूपैयाँ ३६ पैसा र बिक्रीदर १२ रूपैयाँ ४२ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ १६ पैसा र बिक्रीदर १९ रूपैयाँ २५ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ३८ पैसा र बिक्रीदर १७ रूपैयाँ ४६ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४० रूपैयाँ १४ पैसा र बिक्रीदर चार सय ४२ रूपैयाँ ०९ पैसा , बहराइन दिनार एकको खरिददर तीन सय ५८ रूपैयाँ ५५ पैसा र बिक्रीदर तीन सय ६० रूपैयाँ १४ पैसा, ओमानी रियाल एकको खरिददर तीन सय ५१ रूपैयाँ १९ पैसा, बिक्रीदर तीन सय ५२ रूपैयाँ ७५ पैसा तोकिएको छ । यस्तै, भारतीय रूपैयाँ एक सयको खरिददर एक सय ६० रूपैयाँ र बिक्रीदर एक सय ६० रूपैयाँ १५ पैसा तोकेको छ।


राष्ट्र बैङ्कले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# मायाको चिनो 'रायो साग'

ढोरपाटन । आइतबार गण्डकी प्रदेशसभा सदस्य दीपेन्द्रबहादुर थापा र बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठसहितका अतिथि बजारदेखि रायडाँडा गाउँलाई बालमैत्री वडा घोषणा गर्न पुगेका थिए । बालमैत्री वडा घोषणापछि बागलुङ नगरपालिका-११ का अध्यक्ष ज्ञानेन्द्र गौतमले प्रमुख अतिथिसहित कार्यक्रममा पुगेका पाहुनालाई चोयाको डोरीले बाँधेको रायो सागको मुठा मायाको चिनो हातमा थमाए ।

कलिलो सागको मुठा पाएपछि अतिथिहरु मुस्काउन थाले । वडा कार्यालयले मायाको चिनोका रुपमा गाउँका किसानले उत्पादन गरेको साग दिएपछि कार्यक्रममा सहभागी सबै खुसी भए। आयातित वस्तुलाई मायाको चिनोका रुपमा दिनुभन्दा गाउँको उत्पादन दिँदा पहिचान हुने हुँदा यहाँ उत्पादन भएको रायो साग कासेलीका रुपमा दिएको वडा अध्यक्ष गौतमले बताउनुभयो ।

वडा नम्बर ११ स्थित रायडाँडा, तमाखुबारी र धारापानीका किसानले उत्पादन गरेको सागलाई खरिद गरी मायाको चिनोको



रुपमा दिएको अध्यक्ष गौतमको भनाइ छ । वर्षौँदेखि यहाँका किसानले रायो साग बिक्रीबाटै आम्दानी गर्दै आएकाले यसको प्रचारप्रसारका लागि मायाको चिनो साग हालेर दिइएको अध्यक्ष गौतमले बताउनुभयो ।

गौतमले भन्नुभयो, "रायो साग त हाम्रो वडाको पहिचान हो, यहाँ उत्पादन भएको रायोको साग अन्य ठाउँको भन्दा निकै स्वादिष्ट हुन्छ, धेरै उत्पादन हुने हुँदा किसानले यसबाट आम्दानी गर्दै आएका छन्, अब हामीले रायडाँडालाई साग उत्पादनको 'हब' हो भनी चिनाउन जरुरी छ, त्यसले गर्दा हामीहरुले बाहिरबाट आउने पाहुनालाई कोसेली तथा उपहारका रुपमा साग दिने गर्छौं ।"

बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले वडा नम्बर ११ ले राम्रो कामको सुरुवात गरेको बताउनुभयो । मायाको चिनोमा फजुल खर्च गर्ने प्रचलन चलेको बेला यस वडाले आफ्नो पहिचान बोक्ने चिजलाई उपहार दिन सुरुवात गरेको भन्दै अन्य ग्रामीण क्षेत्रका नागरिकले स्थानीय उत्पादनलाई कोसेलीका रुपमा दिन आवश्यक रहेको बताउनुभयो ।

बागलुङ नगरकै सबैभन्दा दुर्गम वडाका रुपमा रहेको रायडाँडा कृषिमा निकै सम्भावना बोकेको भन्दै पालिकाले यहाँका किसानलाई प्रोत्साहन गर्ने खालका कार्यक्रम ल्याइरहेको बताउनुभयो ।रासस

# बाँदरले सुन्तला नष्ट गर्न थालेपछि कृषक चिन्तित

म्याग्दी । अन्नपूर्ण गाउँपालिका-६ घारका किसानलाई बाँदरबाट सुन्तला जोगाउन गाह्रो भएको छ । पहेँलपुर भई टिप्ने मिल्ने भएका सुन्ताला बाँदरले नष्ट गर्न थालेपछि आफूहरु समस्यामा परेको किसान ठाकुरप्रसाद बरुवालले बताउनुभयो । फल टिप्ने बेलामा दिनभरि बाँदर धपाएर बस्नुपर्ने स्थानीयको दैनिकीजस्तै बनेको उहाँको भनाइ छ ।

"अहिले बाँदरबाट सुन्तला जोगाउन मुस्किल परेको छ, हरेक वर्ष बाँदरको हुल बढेका छन्, किसानको बारी बाँदर आतङ्कले रित्तिन थालेका छन्, बाँदर नियन्त्रणतर्फ सरकारले ध्यान दिनुपर्ने भएको छ", उहाँले भन्नुभयो । जङ्गलबाट हुलका हुल बाँदर बगैँचामा पसेर सुन्तला सखाप पार्न थालेपछि स्थानीय चिन्तित बनेका हुन् । अहिलेसम्म ३० हजारभन्दा बढीको सुन्तलाका दाना बाँदरले क्षति गरिसकेको बरुवाल बताउनुहुन्छ । दिनभर फूलबारीमै धरालो बसेर धपाए पनि नटेर्ने बाँदरको प्रवृत्तिले आफूहरू ठूलो मारमा परिरहेको किसान सुबोध बरुवालले बताउनुभयो ।

"फलफूल र अन्नबाली सबै बाँदरले नष्ट गर्न थालेको छ, दुःख गरेर लगाएको खेती सबैमा क्षति हुन थालेको छ, बाँदरको आतङ्क नियन्त्रण गर्न खोरपासो बनाएर राष्ट्रिय निकुञ्जमा पठाउनुको विकल्प छैन", उहाँले भन्नुभयो । सुन्तला बगैँचामा बाँदरले निकै दुःख दिएपछि स्थानीयले वडा र पालिकाको समेत ध्यानाकर्षण गराएका छन् ।

अन्नपूर्ण गाउँपालिका-६ घारका वडाध्यक्ष रामबहादुर खड्काले बाँदर आतङ्क पछिल्लो समय किसानका लागि लागि ठूलो समस्या बनेर आएको



बताउनुभयो । "बाँदर नियन्त्रणका लागि स्थानीयस्तरमा धेरै प्रयास भएका छन्, तर स्थानीयको प्रयास विफल भएको छ, राष्ट्रिय आविष्कार केन्द्रले बाँदर धपाउने मेसिन बनाएको सुनिएको थियो, अब मेसिन, उपकरण र प्रविधिकै प्रयोग गरेर भएपनि बाँदरलाई नियन्त्रण गर्नैपर्ने भएको छ", वडाध्यक्ष खड्काले भन्नुभयो ।

घारको बिरौटा, झरपाट, बैँसरी, हल्लेखर्क, लुलाए, कुरमुनीलगायतका बस्तीमा व्यावसायिक रुपमा सुन्तलाखेती हुँदै आएको छ । करिब १५ हजारभन्दा बढी सुन्तलाका बोट लगाइएको घारमा वार्षिक करिब रु ४० देखि ५० लाख बराबरको सुन्तला बिक्री हुने गरेको छ ।रासस

# पुरैनीमा आइपुगे कलहाँस

कञ्चनपुर । बेलौरी नगरपालिका-६ स्थित पुरैनी तालमा प्रवासीपन्छीकलहाँसआइपुगेकाछन्। उत्तरी धुव्रमा चिसो बढेपछि प्रत्येक वर्ष पुरैनी तालमा कलहाँसलगायतका जलपन्छीका प्रजाति आइपुग्छन् । विगतका वर्षमा कात्तिकको अन्तिम हप्तामै पुग्ने कलहाँस यसवर्ष भने ढिलो गरी आइतबार मात्रै ताल क्षेत्रमा आइपुगेका हुन् ।

चालिसभन्दा बढीको संख्यामा कलहाँसको झुण्ड यहाँ आइपुगेको हो । तालमा यसअघिनै कैलेहाँस, विजला गैरी हाँस, हरियो टाउके हाँस, सुनजुरे हाँस, सुइरेपुच्छे हाँस, खडखडे हाँस, मालक हाँसलगायत पुगेका छन् ।

घरमै पालिने हाँसभन्दा केही सानो तर बखतभन्दा ठूलो जिउडालको कलहाँस हुने गर्दछ । यसको तौल तीनदेखि पाँच किलोसम्म हुने गर्दछ। सुन्तला रङको चुच्चो, गुलाबी खुट्टा, गोलोभारी शरीर, लामो गर्दन, पङ्ख को रङ खैरो हुने कलहाँस जलपन्छीमा सुन्दर पन्छीका रुपमा रहेको छ ।

सेतो पुच्छर र पछाडिको छेउको साथ सादा, खैरो-खैरो हुन्छन् । माथिल्लो भाग गाढा खैरो, टाउको, घाँटी हल्का खैरो र तल्लो भाग सेतो रङको हुन्छ । "कलहाँस ताल



क्षेत्रमा पुगेपछि रौनकता छाएको छ", चरा संरक्षणकर्मी सुवन चौधरीले भन्नुभयो, "यस पन्छीले लस्करै जलविहार गरेको दृश्य मनमोहक हुने गरेको छ ।"

उहाँका अनुसार कलहाँसले आहारका रुपमा सीमसार क्षेत्रमा उपलब्ध हुने घाँसलाई पूरै जरासहित खाने गर्दछन् । प्रजनन समयमा यस हाँसले सिमसार क्षेत्रमा गुँड बनाई बच्चा कोर्लने गर्दछ । शिकारका लागि ताल क्षेत्रमा विषादी राखेर मार्ने गरिएकाले यसको सङ्ख्या भने घट्दो छ । साइबेरिया, युरोपलगायतका क्षेत्रमा अत्यधिक चिसो बढेपछि बसाईंसराइ गरी आइपुग्ने कलहाँस गर्मी सुरु हुनअगावै पुरानै ठाउँमा फर्कने गर्दछन् ।

चिसो छल्न र जलविहारका लागि मात्रै प्रवासी पन्छी यहाँ आउने गरेका छन् । प्रजननको समय सुरु हुनअगावै फर्कने गरेका छन् । जल पन्छीका लागि आश्रयस्थलका रुपमा रहेका तालतलैया र सिमसर क्षेत्रलाई संरक्षण गर्नुपर्ने चराविज्ञ हिरुलाल डगौरा बताउनुहुन्छ ।

"सिमसार क्षेत्र मासिँदै जाँदा प्रवासी पन्छी आउने क्रममा केही वर्षदेखि कमी देखिएको छ", उहाँले भन्नुभयो, "जल पन्छीको जलविहार गर्ने जलाधार क्षेत्रलाई संरक्षण गर्नु सबैको दायित्वभित्र पर्दछ, सिमसार क्षेत्रलाई चरा पर्यटनका रुपमा विकास गर्न सकिन्छ, यसका लागि स्थानीय तहले चासो देखाउनुपर्छ ।"रासस


**Madhesh Institute of Health Sciences**

**Provincial Hospital**

**Janakpurdham**

**Bid Addendum Notice**

**Bid Addendum Publication Date: 10 December 2024**

Addendum is done in IFB No.MP/MIHS/NCB/GOODS-1/2081-82; The Procurement of supply and delivery of Medicine ; Published on 5 November 2024. For details on Bid Addendum, visit www.bolpatra.gov.np/egp



**धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना**

प्रकाशित मिति : २०८१/०८/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८१/०९/०९ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा | २०८१/०९/११ गते, बिहीबार दिनको ३ बजे |

| | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : रिद्धि रिद्धम कृषि तथा पशुपंक्षि मत्स्य पालन**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर महोत्तरी<br>दर्ता नं. १०७३४/१४०/०८०/०८१, दर्ता मिति : २०८०/०६/१०, पान नं. ६२०४७३१४१, दर्ता मिति : २०८०/०६/१०<br>ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १, **प्रोप्राइटर : विपीन यादव** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : शैल देवी**<br>ना.प्र.नं. १८३०६४/९३७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/२५<br>पतिको नाम : विपीन यादव<br>ससुराको नाम : दिनकर राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. २ | **२. नाम : विपिन यादव**<br>ना.प्र.नं. ०३३५२८५८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५१/१२/१३<br>बाबुको नाम : दिनकर राय यादव<br>बाजेको नाम : मैजे यादव<br>ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. २ |
| | **धितोको विवरण** | |
| | विपीन यादवको नाममा मालपोत कार्यालय जनकपुमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, अजगेवा हरिनमरी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १४५, १४४, १६३ र ५१० को क्षेत्रफल क्रमश: ०-९-१०, ०-७-१५, ०-७-५ र ०-२-४ विगाहा, धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-२-१३ विगाहा तथा धनुषा जिल्ला, बसहिया गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. १८१७ को क्षेत्रफल ०-०-८ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# धनौजी गाउँपालिकाकी उपाध्यक्ष मण्डल निष्कासित




**टुडे समाचारदाता**

जनकपुरधाम । धनौजी गाउँपालिकाकी उपाध्यक्ष रामवति मण्डलमाथि विभिन्न आरोप लगाउँदै नेपाली कांग्रेसले पार्टीबाट निष्कासन गरेको छ ।

कांग्रेसको विधान विपरीत गतिविधि गरेको भन्दै कांग्रेसको धनौजी गाउँपालिका गाउँ कार्य समितिले पार्टीबाट निष्कासन गरी कारबाही गरिएको गाउँ सभापति रामनारायण यादवले जानकारी दिए ।

कांग्रेस पार्टीको सदस्यसमेत रहेकी गाउँपालिकाकी उपाध्यक्ष मण्डललाई कारबाही स्वरुप पार्टीबाट निष्कासनका लागि विभिन्न समितिमा पत्राचार गरेको छ ।

कांग्रेस धनौजी गाउ कार्य समितिको निर्णय अनुसार उपाध्यक्ष रामवति मण्डलमाथि पार्टीको तर्फबाट कारबाही गर्नका लागि गाउ सभापति रामनारायण यादवले पार्टीको प्रदेश कार्यालय, जिल्ला समितिको कार्यालय र क्षेत्र नम्बर ३ को कार्यालयलाई पत्र पठाएको जनाइएको छ ।

उपाध्यक्ष मण्डललाई मंसिर २२ गते बसेको नेपाली कांग्रेस धनौजी गाउँ कार्य समितिको बैठकबाट पार्टीबाट निष्कासनसहितको कारबाही गर्ने निर्णय गरेको थियो ।

गाउँपालिका उपाध्यक्ष मण्डलले आफ्नै पार्टीका धनौजी गाउँपालिका अध्यक्ष राजकुमार साहविरुद्ध विभिन्न गतिविधि गर्दै आएकी थिइन् ।

उनले पालिका अध्यक्ष साहलाई असहयोग गरी अनियमितता र अपारदर्शी कार्यशैली रहेको भन्दै सो पालिकाको कार्यालयमा सूचनाको हक प्रयोग गरी उजुरी दिएको थिइन् ।

# गढीमाई मेलामा चहलपहल बढेसंगै दर्शनार्थीको घुइँचो

**टुडे समाचारदाता**

बारा । बाराको महागढीमाई नगरपालिकाको बरियारपुर गाउँमा हरेक पाँच वर्षको अन्तरमा मंसिरमा लाग्ने पशुपंक्षी बलिका लागि प्रसिद्ध गढीमाई मेलाको चहलपहल बढेको छ ।

आइतबारदेखि मेलामा दिइने बली र गढीमाई दर्शनका लागि दर्शनार्थीको ओइरो, रंगीचंगी सजावट, विभिन्न प्रदर्शनी, खेल तमासाका मनोरञ्जनात्मक दृश्य र व्यापारले मेलाको रौनक बढाएका छन् । यस क्षेत्रका सर्वसाधारणले यो मेलालाई उत्सवका रूपमा मनाउने गरेका छन् । मन्दिर भरिभराउ हुन थालेका छन् । सडक र मेलामा भीड बढेको छ ।

शक्तिपीठ गढीमाईप्रति आस्था राख्ने देश विदेशका दर्शनार्थी मेला भर्न आउने गरेकाले गढीमाईको ख्याति फराकिलो बन्दै गएको क्रमसँगै मेला मूल व्यवस्थापन समितिको आग्रहमा जिल्लाका अधिकांश विद्यालयको पठनपाठन शुक्रबारदेखि पाँच दिनका लागि बन्द गरिएको छ । यसैगरी मधेश प्रदेश सरकारले बलीका दिन प्रदेशभरि बिदा दिएको छ । आसपासका विद्यालयमा दर्शनार्थीहरूको बासका लागि सहज होस् भनेर विद्यालयको पठनपाठन बन्द गरिएको शिक्षक संघका अध्यक्ष राजकिशोर सहनीले बताए ।

मेला लाग्ने आसपासका गाउँ र सहरका घरघरमा पाहुना भरिभराउ देखिएका छन् । सार्वजनिक स्थलहरूमा मेला भर्न आउनेहरूले बासको व्यवस्था गर्न थालेका छन् । मेलाको मुख्य आकर्षण पशुपंक्षीको बली छ । तर कतिपयले मन्दिरमा अबिर, फूलमाला, मिठाइ, नरिवल पनि चढाउने गरेका छन् ।

सो मेलामा दर्शनार्थीको सहजताका लागि बिजुलीबत्ती, सयौं सीसी क्यामेरा, शौचालय, पार्किङ, खानेपानी, घुम्ती एटिएम, मन्दिर वरिपरि वाईफाई, मेलास्थलको सबै नाकातिर पार्किङ, ट्राफिक व्यवस्थापन, निःशुल्क स्वास्थ्य जाँच शिविर, एम्बुलेन्स, बारुण यन्त्र तथा भोजनलगायतको तयारी व्यवस्थित रूपमा गरिएको मेला मूल समितिका प्रवक्ता विजय स्वर्णकारले बताए ।




यसैगरी राँगाको बलिका लागि बधशाला व्यवस्थापन, हेलिप्याड र सुरक्षाको बन्दोवस्त गरिएको छ । 'मेला भव्य र सभ्य बनाउन आवश्यक सबै तयारी पूरा गरिएको छ,' प्रवक्ता स्वर्णकारले भने, 'चिताएको कुरा पुरा हुने भक्तजनले स्वस्फुर्त रूपमा भाकलका लागि कोही पशुपंक्षी बलि र फूलप्रसाद चढाउने गरेका छन् ।' आइतबार राँगा र सोमबार अन्य पशुपंक्षीको बलि दिइने साइत परेको मन्दिरका मूल पुजारी मंगल चौधरीले बताए ।

'१० औं पुस्तादेखि मेला लाग्ने र भाकलको बलि दिइने परम्परा छ,' उनले भने, 'हाम्रा पुर्खा हत्या आरोपमा जेलमा हुँदा गढीमाई सपनामा देखिनु र सपनामा आफ्नो पूजा र बली दिएपछि जेलमुक्त हुने गढीमाईले भनेअनुसार गरेपछि जेलमुक्त भएको किंवदन्ती छ ।'

गढीमाई स्थलमा त्रिशूल गाडेपछि सो मेलाको सुरुवातसँगै पूजा र बली दिइने चलन शुरु भएको उनले बताए । 'बलीको तिथिको अघिल्लो रात अर्थात् शनिबार राति तान्त्रिक विधिबाट पूजा गरेर मानव रगत र पाँचवटा पशुपंक्षीको पञ्चबली दिन्छौं,' उनले भने, 'त्यसपछि बली सुरु हुन्छ ।' पञ्च बलीमा जंगली मुसा, हाँस, परेवा, सुँगुर र कुखुराको बली दिइन्छ । गढीमाई मेलामा देशैभरि र भारतको पञ्जाब, हरियाणा, विहार, झारखण्ड, उत्तराखण्ड, उत्तरप्रदेश, मुम्बई, दिल्ली, पश्चिम बंगालबाट लाखौं दर्शनार्थी आउने गरेका छन् ।

राँगा बलीका लागि २ विघा क्षेत्रफलमा फैलिएको बधशालाभित्र साढे २ सय मार हान्नेलाई समितिबाट लाइसेन्स दिइएको उनले बताए । बधशालाको तस्वीर पत्रकार वा अन्य कसैलाई खिच्न दिइने उनले बताए । बधशालाको पर्खाल १२ फिट उचाइमा बनाइएको छ । गत वर्ष १० हजारको हाराहारीमा राँगाको बलि दिइएको थियो भने अनगिन्ती बोका, हाँस, परेवाको बलि दिइएको थियो ।

सीमामा भाकलका राँगाहरू ल्याउन भारतीय सीमा सुरक्षा बलले अवरोध गरिरहेको भारत विहार बैरगनियाका उमेश पासवानले बताए । उनले एक साताअघि नै जसोतसो राँगा ल्याएर मेलामा बास बसेका छन् । छोराको भाकलमा उनले राँगा र बोकासमेत ल्याएका छन् । उनी जस्तै थुप्रैले राँगा ल्याइसकेका छन् ।

पशुपंक्षी बलीका लागि प्रसिद्ध मेलामा मानवरहित ड्रोन क्यामरा उडान गर्न, बधशालाको तस्वीर खिच्न, मार हान्ने मारकहरूलाई सामूहिक रूपमा धारिलो हतियार प्रदर्शन गर्नमा स्थानीय प्रशासन र मेला समितिले रोक लगाएको छ । 'मेलाको ओजमा कुनै प्रकारको असर नपर्ने गरी सुरक्षाको दृष्टिकोणले रोक लगाइएको छ,' जिल्ला सुरक्षा समितिका संयोजकसमेत रहेका प्रमुख जिल्ला अधिकारीले वसन्त अधिकारीले भने, 'मेलाको सुरक्षाका लागि २ हजार नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको छ ।' दर्शनार्थीको आउजाउ सहज पार्न ६ सयको हाराहारीमा ट्राफिक प्रहरी पनि परिचालन गरिएको छ ।

सो मेलामा २ हजार ५ सयको हाराहारीमा सादा पोसाकसहितका सुरक्षाकर्मी परिचालन गरिएको छ । विगतमा मेलामा खुला मदिरा सेवन तथा चिसोले कठ्यांग्रिएर दर्शनार्थीको मृत्यु र मेलामा पाकेटमारीदेखि लुटपाट तथा यौन हिंसाका क्रियाकलापका घटना भएकाले सुरक्षा चुनौती पनि छ । 'आमदर्शनार्थीको सुरक्षाका लागि संवेदनशील छौं, सुरक्षा चुनौतीलाई चिर्न सुरक्षा तयारी गरिएको छ,' बारा प्रहरीका प्रहरी उपरीक्षक महेन्द्र खड्काले भने, 'दर्शनार्थीलाई निर्धक्क भएर पूजाआजा गर्न आग्रह गरेका छौं ।'

पशुबली विरोधी समूह तथा संघसंस्थाबाट हुन सक्ने असहज परिस्थितिलाई काबुमा राख्न सुरक्षा तयारी गरिएको उनले बताए । सीमा सुरक्षालाई समेत ख्याल गरिएको उनले बताए ।

सुरक्षाको चुस्त व्यवस्थापन गरिएको जिल्ला सुरक्षा समितिले दाबी गरिरहँदा अघिल्लो सातादेखि शुक्रबारसम्म १ हजारको हाराहारीमा पाकेटमारलाई बारा प्रहरीले पक्राउ गरेको छ । मेलाको कमान्ड गरिरहेका नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जनाए अनुसार दैनिक ५० देखि सय पाकेटमार पक्राउ परिरहेका छन् । उनीहरूलाई विभिन्न ठाउँबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ । गरगहना थुत्ने, पाकेट मार्ने र अन्य तरिकाले चोरी गर्नेहरूलाई नियन्त्रणमा लिइएको बारा प्रहरीले जनाएको छ ।

# सर्प उद्धार अभियान अन्तर्गत ८ वटा सर्पको उद्धार

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्पको उद्धार अभियान अन्तर्गत ८ वटा सर्पको उद्धार गरिएको छ ।

डिभिजन वन कार्यालय धनुषाले सञ्चालन गरेको तीन महिनामा ८ वटा सर्पलाई उद्धार गरिएको जनाएको छ ।

सर्प हेर्ने वितिकै आममानिसमा मारिहाल्ने प्रवृतिलाई रोक्नका लागि डिभिजन वन कार्यालयले सर्पको उद्धारमा जोड दिइएको जनाइएको छ ।

धनुषाधाममा कार्यरत वन रक्षक आकाशकुमार यादवको काजै अहिले सर्पको उद्धार गर्नु रहेको छ । केही वर्षदेखि नै आकाश यसमा लागेका छन् तर अब रेकर्ड राख्ने जस्ता कार्यपनि शुरु गरिएको डिएफओ धनुषाका डिएफओ विनोद सिंहले बताए ।

सर्पलाई बचाउनुपर्छ, वातावरण शुद्धिका लागि सर्प आवश्यक रहेको उनको भनाइ छ ।

संसारभरि पाँच हजारभन्दा बढी प्रजातिका सर्पहरू छन् । नेपालमा अहिलेसम्म ८० प्रजातिका सर्पहरू फेला परेका छन् । तर पर्याप्त अध्ययन भए नेपालमा पाइने सर्पका प्रजाति



लगभग डेढ सय पुग्न सक्छ सर्पका जानकारहरु बताउँछन् । सर्पले पर्यावरणचक्रलाई सन्तुलित बनाउन महत्वपूर्ण भूमिका खेल्छन् । अनि मान्छेको ज्यान जोगाउने महत्वपूर्ण औषधिहरू पनि सर्पको विषबाट बन्ने गरिन्छ ।

सर्पको बोसो, काँचुली र रगत अनि विषसमेत आयुर्वेदिक औषधि बनाउन प्रयोग हुन्छ । विषबाट हैजा नियन्त्रण गर्ने औषधि बनाइन्छ । गाउँघरमा सर्पका विभिन्न अंगहरूबाट २० देखि २२ वटा औषधि बनाएको थाहा छ । बाली पाक्दै गरेको खेतमा काँचुली जलायो भन्ने बालीमा रोग लाग्दैन भन्ने विश्वास पाइन्छ ।

नेपालमा हालसम्म फेला परेका ८१ प्रजातिका सर्प मध्ये १८ प्रजातिका सर्प विषालु छन् । गोमन, करेत, मुगा सर्प र रुसी भाइपर चार प्रकृतिका सर्पहरू अति विषालु हुन्छन् ।

सर्पका १५ प्रतिशत भन्दा कम प्रजाति विषालु छन् । विषालु सर्पमध्ये पनि अतिविषालु र कम विषालु प्रजातिका सर्प छन् । जनकपुरधाम क्षेत्रमा ४ हजार २ सय भन्दाबढी सर्पको उद्धार गरेका देवनारयण मण्डलले भने, 'जनकपुरधाम क्षेत्रमा पाइने ७ प्रतिशत सर्प मात्रै विषालु रहेको छ । जसमध्ये पनि साढे ३ प्रतिशत सर्प ड्राइवाल्ट फाल्छन् । गहुमन सर्प सबैभन्दा विषालु रहेपनि करैतले सबैभन्दा बढी मान्छे मार्ने गरेको छ ।'

# दुई थान पेस्तोलसहित एकजना पक्राउ

**टुडे समाचारदाता**

बारा । बाराको गढीमाई मेलास्थलमा हतियार देखाउँदै हिँडेका एक युवकलाई सर्लाही प्रहरीले पक्राउ गरेको छ ।

आइतबार साँझ बलरा नगरपालिका-६ स्थित मिर्जापुर निवासी इन्दल सहनीका अन्दाजी १८ वर्षीय छोरा गोलु नामका अमरजितकुमार सहानीलाई दुई थान पेस्तोलसहित धनुषा प्रहरीले पक्राउ गरेको छ । बारा प्रहरीले सहनीका साथबाट एक थान चाइनिज पेस्तोल र एक थान नलकटुवा पेस्तोल बरामद गरेको जनाएको छ ।

बरामद गरिएको पेस्तोलसहित युवकलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मलंगवा झिकाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जनाएका छन् ।



गढिमाई मेलास्थलमा हतियार देखाउँदै झैंझगडा गरिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय बलराबाट खटिएको प्रहरी वरिष्ठ नायब निरीक्षक दीपेन्द्र मल्लको टोलीले सहनीलाई पक्राउ गरेको हो ।

सर्लाहीको बरहथवा नगरपालिका, हरिपुर नगरपालिका, कबिलासी गाउँपालिका, रामनगरनगरपालिका र बलरा नगरपालिकामा गरी करिब आधा दर्जन स्थानमा गढिमाई मेला लागिरहेको छ ।

# 'नेपालका निधि' नामक पुस्तकको लोकार्पण




**टुडे समाचारदाता**

जनकपुरधाम । प्रथम राष्ट्रपति रामवरणयादवलेअहिलेकोसंविधानमा संघीयता र समावेशीलगायतका हरेक मुद्दाहरु समावेश रहेपनि राजनीतिक दलले विवेकपूर्ण ढंगले कार्यान्वन नगर्दा जटिलता उत्पन्न भएको बताएका छन् ।

जनकपुरधाममा सोमबार तत्कालीन जनसरकार प्रधानमन्त्री महेन्द्रनारायण निधिको जीवनमा आधारित 'नेपालका निधि'को पुस्तक लोकार्पण कार्यक्रममा बोल्दै पूर्वराष्ट्रपति यादवले संविधान सारा कुराको व्यवस्था रहेपनि सो अनुसार कार्यान्वयन नगर्दा संविधानमा केही त्रुटि रहेको जस्तो देखिनु स्वभाविक रहेको प्रसंग उल्लेख गरे ।

उनले संविधानमा कार्यपालिका, व्यवस्थापिकाले राम्रो काम गर्न नसकेको र स्वतन्त्र न्यायपालिकामा पनि राजनीतिक हस्तक्षेप बढेको बताउँदै अहिले विश्वविद्यालयहरूमा दलीय भागबन्डाबाट पदाधिकारीको नियुक्ति हुनु मुलुकका लागि दुर्भाग्यपूर्ण रहेको बताए ।

पूर्व उपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधिले मुलुकमा राजनीतिक, सामाजिक, आर्थिक रूपान्तरण नभएसम्म मुलुकको विकास कठिन हुने बताउँदै वर्तमान सरकारले यसमा ध्यान दिँदै दुई वर्षपछि काँग्रेसलाई सहमति अनुसार नेतृत्व हस्तान्तरण गर्ने आशा व्यक्त गरे ।

मुख्यमन्त्री सतीशकुमार सिंहले मुलुकको हरेक परिवर्तनमा मधेश प्रदेश भएको भूगोलले ठूलो योगदान दिएको बताउँदै मधेशका नेता तथा जनताले राज्यबाट उचित सम्मान पाउन नसकेको गुनासो गरे ।

महेन्द्र नारायण निधि स्मृति प्रतिष्ठानका अध्यक्ष नरेन्द्र कुमार मिश्रको अध्यक्षतामा भएको सो कार्यक्रममा शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी, जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादव, नेकपा एकीकृत समाजवादी पार्टीका नेता एवं विश्लेषक रामचन्द्र झा, वामपन्थी नेता शीतल झा, कांग्रेसका नेता रामसरोज यादव, पूर्व मन्त्री रामकृष्ण यादव, तमलोपाका नेता डा. विजय कुमार सिंह, काँग्रेसका नेता स्मृति नारायण चौधरीले स्वर्गीय नेता निधिको व्यक्तित्व माथि प्रकाश पारेका थिए ।

जनकपुरधाममा सोमबार तत्कालीन जनसरकार प्रधानमन्त्री महेन्द्रनारायण निधिको जीवनमा आधारित "नेपालका निधि"को पुस्तक लोकार्पण कार्यक्रममा बोल्दै पूर्वराष्ट्रपति यादवले संविधान सारा कुराको व्यवस्था रहेपनि सो अनुसार कार्यान्वयन नगर्दा संविधानमा केही त्रुटि रहेको जस्तो देखिनु स्वभाविक रहेको प्रसंग उल्लेख गरे ।

२००७ सालको क्रान्तिका बखत जनकपुरधाम कब्जा गरेपछि गठित जनसरकार प्रधानमन्त्री महेन्द्रनारायण निधिको जीवनमा आधारित किशोर नेपालद्वारा लिखित पुस्तक 'नेपालका निधि'को लोकार्पण गरिएको सो कार्यक्रममा विमोचित पुस्तकका विषयमा लेखक वरिष्ठ पत्रकार किशोर नेपालले जानकारी दिएका थिए ।

# धान खरिद शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा सोमबारदेखि धान खरिद गर्न थालिएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मधेश प्रादेशिक कार्यालयले धान खरिद प्रक्रिया शुरु गरेको छ । धनुषाको किसानबाट यस वर्ष ३२ हजार क्वीन्टल सोना मन्सुली धान खरिद गर्ने गरी सोमबारदेखि शुरु भएको कार्यालय प्रमुख देवेन्द्र राईले जानकारी दिए । यसवर्ष सरकारले सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्वीन्टल तीन हजार पाँच सय ८० रुपैयाँ ६२ पैसा तोकिएको छ ।

स्थानीय तहका कृषि शाखाको सिफारिसमा तथा किसानले तोकिएको मापदण्ड पूरा गरेर ल्याएमा धान खरिद चेकमार्फत भुक्तानी गर्ने व्यवस्था मिलाइएको कार्यालय प्रमुख राईले बताए । यसअघि सो कार्यालयको धान खरिदका लागि धनुषाका




प्रमुख जिल्ला अधिकारी राजुराम कडरियाको अध्यक्षतामा जिल्ला प्राथमिक धान खरिद समितिको बैठकबाट निर्णय गरी धान खरिद प्रक्रिया सुरु गरिएको उनले बताए ।

बासमती धानको मूल्य निर्धारण नभएकाले तत्काल त्यसको खरिद नहुने पनि जनाइएको छ । कृषि ज्ञान केन्द्रको कार्यालयले अनुसार यस वर्ष ४१ हजार पाँच सय ६६ हेक्टर क्षेत्रफल जमिनमा एक लाख ६६ हजार दुई सय ६० मेट्रिकटन धान उत्पादन भएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८